# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १० | काठमाडौं | आइतबार, २० वैशाख २०८३ | Prabhab National Daily | Sunday, 3 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# १५९४ राजनीतिक नियुक्ती खारेज गर्दै सरकार

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ जारी गरेसँगै विभिन्न आयोगमा गरिएका राजनीतिक नियुक्ती खारेज गर्ने बाटो खुलेको छ । सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले पदमुक्तिसम्बन्धी अध्यादेश जारी गरेसँगै एक हजार पाँच सय ९४ राजनीतिक नियुक्ती खारेज गर्ने बाटो खुलेको हो ।

यसअघि सरकारले राजनीतिक दलको पहुँच र भनसुनका आधारमा विश्वविद्यालयदेखि विभिन्न आयोगमा आफ्नो कार्याकर्ता भर्ती गरेकोमा अब ती नियुक्ती खारेज हुने भएको हो । यसअघि नै सरकारले राजनीतिक नियुक्ती लिएकाहरूलाई मार्गप्रशस्त गर्न आग्रह गर्न आग्रह गरिसके पनि धेरैले अटेर गरेपछि अध्यादेश ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टीका एक नेताले बताए । 'पार्टी सभापतिज्यूले संसद् बैठकबाट नै राजनीतिक नियुक्ति लिएकाहरूलाई राजीनामा दिन आग्रह गर्नुभएको थियो । कतिपय मन्त्रीज्यूले मातहतका संस्थाका पदाधिकारीलाई बोलाएर राजीनामा गर्न भनिसक्नुभएको छ । तर केहीले बाहेक टेरपुच्छर लगाएनन्,' ती नेताले भने, 'त्यही कारण अब सरकारले नै पदमुक्त गर्ने गरी अध्यादेश ल्याएको हो ।'

प्रधानमन्त्री वालेन्द्र शाहले सोमबारको मन्त्रिपरिषद्बाट विभिन्न अध्यादेश सिफारिसक गरेकोमा शनिबार उक्त अध्यादेश जारी भएको हो । अध्यादेश नै ल्याएर हटाउन लागेपछि बिहीबार त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरूले सामूहिक राजीनामा दिइसकेका छन् ।

यसरी राजीनामा दिनेमा त्रिविका उपकुलपति प्राडा दिपक अर्याल, शिक्षाध्यक्ष प्राडा खड्ग केसी र रजिस्ट्रार प्राडा केदारप्रसाद रिजालले हुन् । उपकुलपति अर्याल एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री भएको बेला २०८२ असार २५ मा नियुक्त भएका थिए ।

शिक्षाध्यक्ष केसी र रजिस्ट्रार रिजाल पुष्पकमल दाहाल प्रधानमन्त्री भएको बेला नियुक्त भएका थिए । तत्कालीन उपकुलपति बरालको सिफारिसमा रिजाल र केसीलाई २०८० चैत ३० मा तत्कालीन प्रधानमन्त्री दाहालले नियुक्त गरेका थिए । त्रिवि पदाधिकारीको कार्यकाल ४ वर्षको हो ।

त्यसैगरी विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा देवराज अधिकारीले पनि राजीनामा दिएका छन् । अध्यादेश जारी हुनुअघि उनले शुक्रबार नै राजीनामा दिएका हुन् । शुक्रबार संस्कृत विश्वविद्यालयका उपकुलपति प्राडा धनेश्वर नेपालले पनि राजीनामा दिएका थिए । त्यसैगरी त्रिवि सेवा आयोगका अध्यक्ष प्राडा घनश्याम भट्टराईले राजीनामा दिएका छन् ।

सत्तारुढ रास्वपाका सभापति रवि लामिछानले प्रतिनिधि सभाको चैत १९ गते बसेको पहिलो बैठकमा नै अघिल्ला सरकारका पालामा राजनीतिक नियुक्ति लिएकाहरूलाई राजीनामा दिन आग्रह गरेका थिए । 'यो सरकार जेन-जी विद्रोहको सन्तान हो । हिजो संविधान र कानुनको आवरणमा नेता र दलको सिफारिसमा नियुक्ति लिएकाहरूले स्वेच्छिक रूपमा राजीनामा दिँदै विधिको पालनामा सहयोग गर्न अपिल गर्न चाहन्छु । सरकार स्वच्छ र प्रतिस्पर्धात्मक नियुक्ति प्रक्रिया लागू गर्न चाहन्छ,' उनले भनेका थिए ।

सभापति लामिछानेको आग्रहसँगै नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठ, नेपाल स्टक एक्सचेन्जका अध्यक्ष हेमन्त बस्याल, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमणकुमार गौतम तथा सदस्यहरू ललिताकुमारी महर्जन र ध्रुव आचार्यले भने राजीनामा दिइसकेका छन् । सहकारी व्यवस्थापनमा सरकारले डिल्लीराज आचार्यलाई नियुक्ती दिइसकेको छ ।


क्रमशः पृष्ठ २ मा


“

- अध्यादेश आउनुअघि विश्वविद्यालयमा उच्च पदाधिकारीले भने धमाकम राजीनामा दिएका छन्
- त्रिविका उपकुलपति प्राडा दिपक अर्याल, शिक्षाध्यक्ष प्राडा खड्ग केसी र रजिस्ट्रार प्राडा केदारप्रसाद रिजाल राजीनामा दिएका छन्
- त्यसैगरी विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा देवराज अधिकारीले पनि राजीनामा दिएका छन् । शुक्रबार संस्कृत विश्वविद्यालयका उपकुलपति प्राडा धनेश्वर नेपाल, त्रिवि सेवा आयोगका अध्यक्ष प्राडा घनश्याम भट्टराईले राजीनामा दिएका छन्

# स्रोत र अधिकार अभावमा घाँडो बन्दै जिसस






कि जिल्ला समन्वय समितिलाई अधिकार दिनुहोस्, होइन भने खारेज गर्नुहोस् । त्यत्तिकै घाँडो किन राख्नुहुन्छ ?

■ **स्मृति चुनारा विक**
उपप्रमुख, जिसस डोटी



सटरको ताला बिग्रियो भने फेर्ने पैसासमेत हामीसँग हुँदैन । यस्तो अवस्थामा संस्थागत रूपमा काम गर्ने क्षमता कसरी विकास हुन्छ ?

■ **शान्तिरमण वाग्ले**
प्रमुख, जिसस तनहुँ



संविधान निर्माताहरूले नै यसलाई सशक्त बनाउने सोच राखेनन् । त्यसैले अहिले यो निकाय प्रभावकारी हुन सकेको छैन ।

■ **कृष्णहरि बास्कोटा**
प्रशासनविद्

■ जेबी योञ्जन

**काठमाडौं–** स्थानीय तह र प्रदेश सरकारबीच समन्वय गर्ने उद्देश्यसहित गठन गरिएको जिल्ला समन्वय समिति (जिसस) अहिले आफ्नै औचित्यमाथि गम्भीर प्रश्नहरूको घेरामा परेको छ । अधिकार र आर्थिक स्रोत दुवैको अभावका कारण देशभरका जिसस प्रमुख तथा उपप्रमुखहरूले नै यो निकायलाई या त अधिकार सम्पन्न बनाउने, होइन भने खारेज गर्नुपर्ने माग उठाउन थालेका छन् ।

जिसस डोटीकी उपप्रमुख स्मृति चुनारा विक अधिकार नदिए जिसस खारेज हुनुपर्ने बताउँछिन् । 'कि जिल्ला समन्वय समितिलाई अधिकार दिनुहोस्, होइन भने खारेज गर्नुहोस् । त्यत्तिकै घाँडो किन राख्नुहुन्छ ? होइन भने अधिकार दिएर काम गर्ने निकाय बनाउनुहोस्,' उनले भनिन् । विकका अनुसार अहिलेको संरचनामा जिसस न त प्रभावकारी रूपमा काम गर्न सक्छ, न त यसले जनअपेक्षा पूरा गर्न सक्छ । उनले अधिकार र स्रोतको अभावले जिससको भूमिकालाई कमजोर बनाएको मात्र होइन, यसलाई राजनीतिक रूपमा निष्क्रिय संरचनाजस्तै बनाएको पनि उल्लेख गरिन् । 'अहिलेको अवस्थामा जिसस राजनीतिक जीवनको उत्तरार्धमा नेताहरू आराम गर्ने ठाउँजस्तो भएको छ,' उनले भनिन् । केही साताअघि शासकीय सुधारको १०० सूचीमा जिसस खारेज गर्नुपर्ने धारणा सार्वजनिक गरेपछि सर्वसाधारणबीच पनि जिसस छ र ? भन्ने प्रश्न उठ्न थालेको उनले सुनाइन् ।

यता, जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले आर्थिक स्रोतको अभावले काम गर्ने कठिन भएको बताउँछन् । उनका अनुसार तनहुँ जिससले आफ्ना सम्पत्तिबाट वार्षिक रूपमा करिब तीन करोड रूपैयाँ आम्दानी गर्ने भए पनि उक्त रकम संघीय कोषमा दाखिला हुने व्यवस्था छ । 'सटरको ताला बिग्रियो भने फेर्ने पैसासमेत हामीसँग हुँदैन,' वाग्लेले भने, 'यस्तो अवस्थामा संस्थागत रूपमा काम गर्ने क्षमता कसरी विकास हुन्छ ?'

प्रशासनिक क्षेत्रका जानकारहरू पनि जिससको संरचनागत कमजोरीतर्फ औंल्याउँछन् । पूर्वसचिव कृष्णहरि बास्कोटाका अनुसार संविधान निर्माणकै क्रममा जिससलाई पर्याप्त अधिकार नदिइएको हो । 'संविधान निर्माताहरूले नै यसलाई सशक्त बनाउने सोच राखेनन्,' उनले भने, 'त्यसैले अहिले यो निकाय प्रभावकारी हुन सकेको छैन ।'

उनले अमेरिकामा नेपालको जिससजस्तै काउन्टी शक्तिशाली भएको भन्दै यस्ता समन्वयकारी निकायलाई अधिकारसहित सञ्चालन गर्नुपर्नेमा जोड दिए । नभए खारेज गर्ने स्पष्ट निर्णय लिनुपर्ने धारणा राखे ।

नेपालको संविधानले संघीय शासन प्रणालीमार्फत स्थानीय तहलाई सशक्त बनाउने लक्ष्य राखेको थियो । त्यसअनुसार गाउँपालिका र नगरपालिकालाई व्यापक अधिकार प्रदान गरिएपछि सेवा प्रवाह, विकास योजना कार्यान्वयन र स्थानीय प्रशासनमा सुधार देखिएको छ । तर, यही प्रक्रियामा जिससको भूमिका भने क्रमशः अस्पष्ट बन्दै गएको देखिन्छ ।

कानुनी रूपमा जिससलाई स्थानीय तहबीच समन्वय गर्ने, विकास योजनाको अनुगमन गर्ने तथा सहजीकरण गर्ने जिम्मेवारी तोकिएको छ । तर, ती जिम्मेवारी कार्यान्वयन गर्न आवश्यक अधिकार, स्रोत र स्पष्ट कार्यप्रणाली नहुँदा यसको भूमिका कागजमै सीमित भएको गुनासो जिसस प्रमुख/उपप्रमुखहरूको छ ।

धेरै जिल्लामा जिससका पदाधिकारीहरू आफूहरू निर्णय लिन नसक्ने तर बैठक बस्नुपर्ने अवस्थामा रहेको गुनासो गर्छन् । एक जिल्ला प्रमुखले भने, 'हामीसँग योजना बनाउने अधिकार छैन, कार्यान्वयन गराउने शक्ति छैन । केवल समन्वयको नाममा औपचारिकता पूरा गर्ने काम मात्र भइरहेको छ ।' यसले संस्थाको प्रभावकारिता घटाएको उनीहरूको निष्कर्ष छ ।


क्रमशः पृष्ठ २ मा


सन्दर्भ: वैदेशिक रोजगार

# वैदेशिक रोजगार नीतिमा कठोर बन्दै सरकार

## संघ भने कलहमा रमाउँदै

- एक दशकभन्दा बढी समयदेखि व्यवसायीको टाउको दुखाइको विषय बनेको सेवा शुल्कको विषयमा सरकार कठोर बन्ने नीति तय गर्दा संघ भने आन्तरिक द्वन्द्वमा फसेको हो
- सरकारले व्यवसायीलाई आप्ठ्यारो पार्दै लगेको बेला समन्वय गर्ने निकाय नै कलहमा फसेको वैदेशिक रोजगार व्यवसायी सञ्जु गुरूङले बताए
- संघको निर्वाचन नै दलीय आधारमा हुँदा संस्थाको आन्तरिक किचलो विगतदेखि नै समस्याको रूपमा रहेको व्यवसायीको गुनासो

■ ममता थापा





**काठमाडौं–** वैदेशिक रोजगारीका विभिन्न समस्या समाधानमा जुट्नुपर्ने नेपाल वैदेशिक रोजगार संघ आन्तरिक कलहमा फसेको छ । संघको कलहले व्यवसायी के गर्ने कसो गर्ने ? भन्ने विषयमा अन्योलमा परेका छन् ।

वालेन्द्र शाह नेतृत्वको सरकारले वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन भन्दै विभिन्न निर्णयहरू सार्वजनिक गरिरहेको छ । सेवा शुल्कको विषय नटुंगिदा व्यवसायी रणभुल्लमा छन् । सरकार फ्रि-भिजाको नीतिलाई कार्यान्वयन गराउन जोड दिने तयारीमा देखिन्छ ।

बिहीबारमात्रै वैदेशिक रोजगार विभागले श्रमिकसँग लिएको सेवा शुल्कलाई बैंकिङ प्रणालीबाट मात्र कारोवार गर्न र त्यसको प्रमाण सुरक्षित राख्न निर्देशन दिएको छ । त्यसअघि यो प्रावधानलाई कडाइका साथ कार्यान्वयन गरिने सन्देश तत्कालीन श्रममन्त्री दिपककुमार साहले दिएका थिए । एक दशकभन्दा बढी समयदेखि व्यवसायीको टाउको दुखाइको विषय बनेको सेवा शुल्कको विषयमा सरकार कठोर बन्ने नीति तय गर्दा संघ भने आन्तरिक द्वन्द्वमा फसेको हो ।

सरकारले व्यवसायीलाई आप्ठ्यारो पार्दै लगेको अवस्थामा समन्वय गर्ने निकाय नै असक्षम देखिएको वैदेशिक रोजगार व्यवसायी सञ्जु गुरुङले बताए । संघको कलहले आफ्ना समस्या ओझेलमा परेको गुरुङको भनाइ छ । 'यो समयमा सम्पूर्ण व्यवसायको मुद्दा उठाएर नयाँ जेन-जी सरकारसँग समन्वय गर्नपर्ने हो । तर अहिले सम्पूर्ण पदाधिकारी खिचातानीमा अल्झिदा जति पनि नीति नियममा सुधार गर्नपर्ने थियो, ती ओझेलमा पऱ्यो,' उनले भने, 'अब बन्ने नीति नियममा सरकार आफ्नै हिसाबले निर्णय गरेर जाने भयो । मुख्य मुद्दा पुऱ्याउने अध्यक्ष नै अदक्ष भएपछि हामी के भन्न सक्छौं र ?'

सरकारलाई व्यवसायका धेरै विषयहरू बुझाउन आवश्यक भएपनि संघले त्यो गर्न नसकेको गुरुङको भनाइ छ । अहिले व्यवसायी खाडीको रोजगारीमा मात्र निर्भर छन् ।


**वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात ।**

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

**वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# अमेरिका पुऱ्याइएको प्रस्तर बुद्ध मूर्ति संग्रहालय हुँदै आफ्नै आसनमा फिर्ता

**काठमाडौं–** काठमाडौं महानगरपालिका-२३ जोरगणेश ओमबहाल टोलको न्हुछे बहा (बज्रधातु विहार) बाट चोरी भएको पुरातात्विक तथा धार्मिक महत्व बोकेको प्रस्तर बुद्ध मूर्ति आफ्नै आसनमा फर्काइएको छ । संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित टिबेट हाउस कलेक्सनमा पुगेको यो मूर्ति २०७८ साल फागुन १८ गते नेपाल फिर्ता ल्याइएको थियो । पुरातत्व विभाग, नेपाली सम्पदा अभियन्ताहरूले मूर्ति फिर्ता ल्याउने प्रक्रियामा आफूलाई समर्पित गरेपछि फिर्ता भएको मूर्ति राष्ट्रिय संग्रहालयमा राखेर संरक्षण गरिएको थियो ।

शुक्रबार वैशाख १८ गते बुद्ध जयन्तीको अवसर पारेर विहारमा मूर्तिलाई मूल आसनमा पुनःस्थापित गरिएको हो । हनुमानढोकाबाट विहारमा मूर्ति लैजाँदा कार्यवाहक प्रमुख सुनिता डंगोल, वडा न २३ वडाध्यक्ष मचाराजा महर्जन, सदस्यहरू, सम्पदा अभियन्ताहरू, गुठि खल पुचका प्रतिनिधिहरूले बाजागाजासहित उत्सव गरेका थिए ।

त्यस अवसरमा कार्यवाहक प्रमुख डंगोलले मूर्तिहरूको सुन्दरता बस्ती र चोकहरूमा हुने बताए । 'नेपाल मण्डलभित्रका मूर्तिहरू केवल आकृति मात्र होइनन् । यी हरेक मूर्तिमा प्राण हुन्छ । हरेक मूर्तिसँग सामाजिक जीवनको गहिरो आत्मीय सम्बन्ध हुन्छ । यी मूर्तिको संरक्षणका लागि स्थानीयहरू सचेत हुनुहुन्छ । महानगरपालिकाका तर्फबाट हामीले गर्नुपर्ने काम पूर्ण प्रतिबद्ध भएर गर्नेछौँ', डंगोलले भने ।

मूर्ति पुनःस्थापनाले वडाको सांस्कृतिक पहिचान अभिवृद्धिका लागि ठूलो योगदान पुगेको अध्यक्ष महर्जनले उल्लेख गरे । राष्ट्रिय संग्रहालयका प्रमुख अरुणा नकर्मीले सम्पदा संरक्षणमा स्थानीय सरकार समुदायका बीच समन्वय उत्कृष्टताको नमूना भएको उल्लेख गरे । सम्पदा संरक्षणकर्मी गणपतिलाल श्रेष्ठ र सञ्जय अधिकारीले विदेशमा बेचिएका प्राचीन कला फिर्ता ल्याउने काममा थप उत्साह बढेको बताए ।



चोरिएका मूर्ति तथा कलात्मक वस्तुलाई मूल स्थानमा पुनःस्थापना गरेको यो तेस्रो सम्पत्ति हो । यसअघि कुमारी घरको तोरण र गःगुठि सूर्यमुखी महादेव मन्दिर परिसरमा रहेको महागौरी/पार्वतीको मूर्ति पनि मूल आसनमा फर्काइसकिएको छ ।

यसरी मूर्ति फिर्ता गराउन काठमाडौं महानगरपालिकाले सरोकारवाला तथा साझेदार कार्यालयका प्रतिनिधिहरूसँग छलफल, कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गर्ने गरेको छ । सयुक्त अधिराज्य बेलायतबाट फिर्ता गरिएको तोरण कुमारी घरमा पुनःस्थापित वसन्तपुरमा रहेको जीवित देवी श्रीकुमारीको वासस्थानबाट चोरिएको तोरण २०८२ मंसिर ५ गते पुनःस्थापित गरिएको थियो । त्यस्तै २०८३ वैशाख ५ गते विश्व सम्पदा दिवसको अवसर पारेर राष्ट्रिय संग्रहालय, छाउनीमा राखिएको १३औं शताब्दीको महागौरी/पार्वतीको नृत्य भावको प्रस्तर मूर्ति वडा नं.२० मरुस्थित गःगुठि सूर्यमुखी महादेव मन्दिर परिसरको आफ्नै आसनमा पुनस्थापित गरिएको थियो । मूर्तिको नाप ६८.५ सेन्टिमिटर उचाइ र ३०.५ सेन्टिमिटर चौडाइको छ ।

चोरी भएको मूर्ति बेलायत पुऱ्याइएको थियो । त्यहाँबाट २०५२ सालमा फिर्ता गरेर राष्ट्रिय संग्रहालय छाउनीको जुद्धजातीय कलाशालामा राखिएको थियो । त्यहाँबाट काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोल, सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान सङ्गत, वडा नं २० का अध्यक्ष राजेन्द्र मानन्धर, सम्पदा अभियानकर्ताद्वय गणपतिलाल श्रेष्ठ र अधिवक्ता सञ्जय अधिकारीले मूर्ति बुझेर फिर्ता ल्याएका थिए ।

संग्रहालयका प्रमुख अरुणा नकर्मी, हनुमानढोका हेरचाह अ•का प्रमुख काजीमान प्याकुरेल, राष्ट्रिय संग्रहालयका संग्रहालय अधिकृत सुवासकृष्ण डंगोल र पुरातत्व विभागका पुरातत्व अधिकृत अमृता महर्जनको रोहवरमा संग्रहालयका भण्डारे विन्दा श्रेष्ठ र सहायक पथ प्रदर्शक उषाकुमारी सिंहले मूर्ति बुझाएका थिए । *रासस*

पृष्ठ १ बाट क्रमशः

## स्रोत र अधिकार....

स्थानीय तहका जनप्रतिनिधिहरू पनि यस विषयमा फरक-फरक धारणा राख्छन् । केहीले अहिलेको अवस्थामा जिसस आवश्यक नभएको तर्क गर्छन् । उनीहरूका अनुसार स्थानीय तहहरू आफैं सक्षम भइसकेका छन् र प्रदेश सरकारसँग प्रत्यक्ष समन्वय गर्न सक्ने अवस्थामा छन् । यस्तो अवस्थामा छुट्टै समन्वय निकायको आवश्यकता नपर्ने उनीहरूको भनाइ छ । ती नगरप्रमुख भन्छन्, 'यदि कुनै निकायसँग कार्यान्वयन गर्ने अधिकार छैन भने त्यो केवल खर्च बढाउने संरचना मात्र बन्छ ।'

अर्कोतर्फ केही विज्ञ तथा सरोकारवालाहरूले भने संघीय संरचनामा समन्वयकारी निकायको आवश्यकता अझै रहेको तर्क गर्छन् । उनीहरूका अनुसार विभिन्न स्थानीय तहबीच साझा योजना निर्माण, स्रोत व्यवस्थापन र अन्तरपालिका विवाद समाधानका लागि कुनै न कुनै संयन्त्र आवश्यक हुन्छ । तर, त्यस्तो संयन्त्र प्रभावकारी हुन त्यसलाई स्पष्ट अधिकार, पर्याप्त बजेट र जिम्मेवारी दिनुपर्ने उनीहरूको जोड छ ।

प्रशासनविद् काशिराज दाहाल अनुसार समस्या संरचनामा भन्दा पनि अधिकारको अभावमा केन्द्रित छ । यदि जिससलाई स्थानीय तहहरूको कामको प्रभावकारी अनुगमन गर्ने र विकास योजनाहरू समन्वय गर्ने र आवश्यक निर्देशन दिन सक्ने अधिकार दिइयो भने यसको भूमिका अझ प्रभावकारी बन्न सक्छ । अन्यथा, अहिलेको जस्तो अवस्थाले यसको औचित्यमाथि प्रश्न उठिरहने निश्चित छ ।

## वैदेशिक रोजगार...

पश्चिम एसियामा द्वन्द्व चर्किंदा व्यवसायी हात बाँधेर बस्नुपर्ने अवस्था बनेको थियो । यूरोपको मागपत्र प्रमाणीकरण नहुँदा समग्र व्यवसाय एउटा क्षेत्रको रोजगारीमा केन्द्रित छ । मागपत्र खुलेदेखि व्यवसायी, श्रमिक सबैलाई राहत पुग्थ्यो भन्ने व्यवसायीको अपेक्षा छ । तर आफै कलहमा फसेको संघले यो विषयमा सरकारलाई बुझाउन प्रभावकारी कदम चल्ने कहिले हो ? टुंगो छैन ।

संघभित्रको द्वन्द्वले व्यवसायी कमजोर हुने अर्का व्यवसायी अख्तर हुसेनले बताए । यस्तो प्रवृत्तिले विगतदेखि नै स्वच्छ छवि बनाउन संघर्ष गरिरहेको वैदेशिक रोजगार क्षेत्र सम्मानित हुन नसक्ने उनको भनाइ छ । 'हाम्रो संघको द्वन्द्वले हामी सारा व्यवसायी कमजोर हुन्छौं । हाम्रा समस्याका साथै नीतिगत तथा व्यवहारिक सुधारका विषय टन्नै छन्,' हुसेनले भने, 'तर हामीले एक अर्कालाई हिलो छ्यापेर बसे हामी कुनै गन्तव्यमा पुग्दैनौं । व्यक्तिगत मतभेद भए पनि मुद्दामा त मतभेद नगरौं । जाबो दुई वर्ष एउटा कार्यसमितिमा बस्न नसक्नेले कुन मुख लिएर आउँछन् भोट माग्न ?'

संघको निर्वाचन नै दलीय आधारमा हुँदा संस्थाको आन्तरिक किचलो विगतदेखि नै समस्याको रूपमा रहेको हुसेनको भनाइ छ । 'संघको चुनाव हुँदा जहिले पनि कांग्रेस र एमालेको दलीय आधारमा हुन्छ । अनि एक अर्काको खुट्टा तानेर असफल बनाउन खोजिरन्छन् । यो विगतदेखिकै समस्या हो,' हुसेनले भने ।

संघलाई सहयोग गरेर, लेबी तिरेर, भोट हालेर दुई वर्षको लागि कार्यसमिति चुनेर पठाएपनि संघले म्यान्डेटअनुसार व्यवसायीको हितमा काम गर्न नसकेको उनले बताए । संघको विधानमा अध्यक्षात्मक प्रणालीको व्यवस्था भएकाले असन्तुष्ट पक्षले विधान मिचेर मिडियाबाजी गरेको समेत उनको आरोप छ ।

विवादका कारण संयुक्त अरब इमिरेट्स जानेहरूको प्रहरी रिपोर्ट प्रमाणीकरणमा लाग्ने अतिरिक्त शुल्क, श्रमिकको हक अधिकार लगायतका विषयमा भने संघ नेतृत्वको ध्यान जान सकेको छैन । विगत एक साताादेखि सतहमा आएको संघको विवाद अध्यक्ष भुवनसिंह गुरुङ र महासचिव महेशकुमार बस्नेत पक्षको आ-आफ्नै अडानका कारण मेलमिलापतर्फ उन्मुख देखिँदैन ।

बुधवार पूर्वअध्यक्षहरूसँगको छलफलमा अध्यक्ष गुरुङ आफ्ना कमीकमजोरी स्वीकारी अघि बढ्न सहमत भएका थिए । तर अध्यक्ष गुरुङले बिहीबार राजिनामा अस्विकृत गर्दै जिम्मेवारीमा फर्कन अनुरोध गरेको पत्रमा आफूमाथि अनावश्यक आरोप लगाएकाले गम्भीर ध्यानाकर्षण भएको पनि उल्लेख गरेका छन् । अघिल्लो बैठकमा आफ्ना कमजोरी स्वीकारे पनि पत्राचार गर्दा प्रयोग गरेको भाषाले राजिनामा दिएका पदाधिकारी बिच्किएको नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीले बताए ।

अध्यक्ष गुरुङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै प्रथम उपाध्यक्ष, महासचिवसहित कार्यसमितिका ११ जनाले वैशाख १४ गते सामूहिक राजीनामा दिएका थिए । बहुमत पदाधिकारीसहित ११ जनाको राजीनामासँगै अध्यक्ष गुरुङ अल्पमतमा परेपछि संघमा कलहमा फसेको हो ।

## १५९४ राजनीतिक...

यसअघि विभिन्न सरकारका पालामा राजनीतिक नियुक्ति लिएकाहरूको संख्या १५९४ भएको बताइएको छ । 'राजनीतिक नियुक्ति लिनेहरूको संख्या १५९४ छ । तर अपवाद बाहेकले राजीनामा दिन मानेनन् । दलको झोला बोकेर नियुक्ति लिएकाहरूलाई पदमा राखेर नतिजा देखिने गरी काम गर्न नसक्ने निष्कर्षमा पुगेका छौं । त्यही कारण पदमुक्त नै गर्नुपर्ने भएको हो,' रास्वपाका ती नेताले भने ।

यतिमात्र हैन रास्वपा सभापति लामिछानेले संवैधानिक निकायका पदाधिकारीलाई पनि हटाउन लागेको संकेत गरेका छन् । उनले बुधबार सम्पन्न पार्टी संसदीय दलको अनौपचारिक बैठकमा संवैधानिक आयोगको कामप्रति असन्तुष्टि जनाउँदै ढिलासुस्तीलाई सरकारले टुलुटुलु हेरेर नबस्ने बताएका छन् । 'हामीलाई जनताको अपेक्षा अनुसार काम गरेर देखाउनु छ । तर विभिन्न सरकारी संस्थाका साथै संवैधानिक निकायले पनि हामीले चाहेअनुसार काम गरिरहेका छैनन् । महत्त्वपूर्ण निर्णय लिन व्यवहारिक कठिनाइ हुँदैछ । त्यसैले हामी कुरेर बस्न सक्दैनौं,' लामिछानेले भनेका थिए ।

### तीन दिनमा छ अध्यादेश जारी

जननिर्वाचित सरकारले बोलाइसकेको संसद स्थगित गरेर अध्यादेशबाटै शासन गर्ने भएको छ । शनिबारमात्रै राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको सिफारिसमा तीन वटा अध्यादेश जारी गरेका छन् ।

राष्ट्रपति पौडेलले स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ र विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ शनिबार जारी गरेका हुन् ।

राष्ट्रपति पौडेलले सरकारको सिफारिसमा पछिल्लो तीन दिनमा ६ वटा अध्यादेश जारी गरिसकेका छन् । यसअघि सरकारले शुक्रबार सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३, बिहीबार सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ र सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ जारी गरेका थिए ।


### हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

(तेस्रो पटक प्रकाशित मितिः २०८३/०१/२०)

यस मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स लिमिटेडको मिति २०८२/०९/२६ गते सम्पन्न तेश्रो वार्षिक साधारण सभाबाट हकप्रद शेयर निष्काशनको लागि संचालक समितिलाई अख्तियारी दिए बमोजिम, कम्पनीको संस्थापक शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको १:२३ (एक शेयर बराबर नयाँ तेइस शेयर) निष्काशन गर्ने निर्णय भएकोले प्रति शेयर अंकित मूल्य रु.१००/- दरको २३,००,००० कित्ता हकप्रद साधारण शेयर मिति २०८३/२/०५ गते देखि मिति २०८३/०३/०९ गते सम्मको लागि बिक्री खुला गर्ने सञ्चालक समितिको मिति २०८३/०१/१० गतेको बैठकबाट निर्णय भएको सम्बन्धित शेयरधनीहरुलाई जानकारी गराउँदै सो अवधिभित्र हकप्रद शेयरको दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स लि.
MUKTINATH FERTILIZER & CHEMICALS LTD.
A Subsidiary Company of Muktinath Krishi Company Ltd.

### कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

दोश्रो पटक प्रकाशित मिति : २०८३/०१/२०

यस कम्पनीको सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२-०३-१६ गते स्विकृति प्राप्त भई साबिक कम्पनी **भर्गो एग्रो इण्डष्ट्रिज** (प्रा.लि.नं.२४६६१२/०७७/०७८) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नाम **श्री सूर्योदय खाद्य उद्योग लि.** अग्रेजीमा **Shree Suryodaya Khadya Udhyog Limited** को कम्पनीले सकार्ने ब्यहार्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

दोश्रो पटक प्रकाशित मिति : २०८३/०१/२०

यस कम्पनीको सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१०/२९ गते स्विकृति प्राप्त भई साबिक कम्पनी **घामखेति प्रा.लि.** (प्रा.लि.नं.२६६६९९/०७८/०७९) नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नाम **घामखेति गुरु कम्पनी लि.** अग्रेजीमा **Ghamkheti Guru Company Limited** को कम्पनीले सकार्ने ब्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, २० वैशाख, २०८३

| | |
|---|---|
| मेष | कामा सफलता मिल्नेछ । नयाँ अवसरले उत्साह बढाउनेछ । |
| वृष | आर्थिक पक्ष सुधार हुने संकेत छ । धैर्यले राम्रो नतिजा दिनेछ । |
| मिथुन | काममा व्यस्तता बढ्नेछ । तर उपलब्धि पनि राम्रो हुनेछ । |
| कर्कट | मित्रसँगको सम्बन्ध मजबुत हुनेछ । नयाँ योजना अघि बढ्नेछ । |
| सिंह | चुनौती आए पनि पार गर्न सकिनेछ । आत्मविश्वास बढ्नेछ । |
| कन्या | यात्राको सम्भावना देखिन्छ । नयाँ अनुभवले फाइदा दिनेछ । |
| तुला | नेतृत्व क्षमताले सफलता दिलाउनेछ । सम्मान प्राप्त हुने दिन छ । |
| वृश्चिक | कुम्भस् सोचेर अघि बढ्नु राम्रो हुनेछ । अनावश्यक खर्चबाट बच्नुहोस् । |
| धनु | मन खुसी रहनेछ । प्रेम र सम्बन्धमा सुधार आउनेछ । |
| मकर | मेहनतको राम्रो फल मिल्नेछ । आर्थिक लाभ हुन सक्छ । |
| कुम्भ | सानो गल्तीले तनाव दिन सक्छ । सोचेर मात्र निर्णय गर्नुहोस् । |
| मीन | परिवारबाट सहयोग मिल्नेछ । मन शान्त र सकारात्मक रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० वैशाख, २०८३ (३ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.९७ | १५१.५७ |
| युरो | १ को | १७६.५७ | १७७.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | २०३.५५ | २०४.३६ |
| स्विस फ्रैन्क | १ को | १९१.१६ | १९१.९२ |
| अस्ट्रेलियन डलर | १ को | १०८.१३ | १०८.५६ |
| क्यानाडियन डलर | १ को | ११०.४६ | ११०.९० |
| सिङगापुर डलर | १ को | ११८.१८ | ११८.६५ |
| जापानी येन | १० को | ९.४५ | ९.४९ |
| चिनियाँ युआन | १ को | २२.०८ | २२.१७ |
| साउदी अरब रियाल | १ को | ४०.२५ | ४०.४१ |
| कतारी रियाल | १ को | ४१.४१ | ४१.५८ |
| थाई भाट | ख १ को | ४.६४ | ४.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१० | ४१.२६ |
| मलेसियन रिङ्गेट | १ को | ३८.२० | ३८.३५ |
| दक्षिण कोरियन वन | १०० को | १०.२३ | १०.२७ |
| स्विडिस क्रोनर | १ को | १६.२८ | १६.३४ |
| डेनिस क्रोनर | १ को | २३.६३ | २३.७२ |
| हङकङ डलर | १ को | १९.२६ | १९.३४ |
| कुवेती दिनार | १ को | ४९२.७२ | ४९४.६८ |
| बहराइन दिनार | १ को | ४००.१९ | ४०१.७८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# ‘विमेन डेलिभर २०२६’ मा नेपालको प्रजनन स्वास्थ्य अधिकारका मुद्दा विश्वमञ्चमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** अस्ट्रेलियाको मेलबर्नमा चार दिनसम्म चलेको विश्वव्यापी सम्मेलन ‘विमेन डेलिभर २०२६’ सफलतापूर्वक सम्पन्न भएको छ । अप्रिल २७ देखि ३० सम्म आयोजित उक्त सम्मेलनको अन्तिम दिन नेपाल केन्द्रित विशेष सत्र आयोजना गरिएको थियो, जहाँ नेपालको यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार (एसआरएचआर) को अवस्था, उपलब्धि र चुनौतीबारे गहन छलफल गरिएको थियो ।




नेपाल सम्बन्धी उक्त विशेष सत्र महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी), ओरेक नेपाल र वन हर्ट वर्ल्ड वाइडको संयुक्त आयोजनामा सम्पन्न भएको थियो । सत्रमा नेपालमा प्रजनन स्वास्थ्य अधिकारको कानुनी व्यवस्था, कार्यान्वयनको अवस्था, सामाजिक चुनौती र सुधारका सम्भावनाबारे बहुआयामिक दृष्टिकोण प्रस्तुत गरिएको थियो ।

सत्रमा बोल्दै महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) का अधिवक्ता सबिन श्रेष्ठले नेपालको संविधानले प्रजनन स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लागू भएको जानकारी दिए ।

उनका अनुसार, नेपालको कानुनले प्रजनन स्वास्थ्यलाई सूचना, शिक्षा, परामर्श र स्वास्थ्य सेवाको समग्र अधिकारका रूपमा व्याख्या गरेको छ, जसमा गोपनीयता र छनोटको अधिकार पनि समावेश छ ।

तर, उनले कानुनी प्रगतिका बाबजुद पनि ऐनले सबै विषय समेट्न नसकेको बताए । उनका अनुसार ऐन मुख्यतः सुरक्षित मातृत्व, परिवार नियोजन, सुरक्षित गर्भपतन र प्रजनन रोगसम्म सीमित रहेको छ, जसले समग्र प्रजनन स्वास्थ्यका जटिल पक्षहरूलाई पूर्ण रूपमा समेट्न सकेको छैन । श्रेष्ठले नेपालको कानुनमा देखिएको विरोधाभासतर्फ पनि ध्यानाकर्षण गराए । ‘एकातिर सुरक्षित गर्भपतनलाई अधिकारका रूपमा मान्यता दिइएको छ भने अर्कोतर्फ मुलुकी अपराध संहिताले केही अवस्थामा यसलाई अपराधीकरण गरेको छ,’ उनले भने ।

यस जटिलताका कारण नेपालमा अझै पनि ५० प्रतिशतभन्दा बढी गर्भपतन असुरक्षित रूपमा हुने गरेको र कतिपय महिलाहरूले कानुनी झन्झट तथा सजाय समेत भोग्नुपरेको तथ्य उनले प्रस्तुत गरे । यस अवस्थालाई सुधार गर्न सुरक्षित गर्भपतन सेवालाई पूर्ण रूपमा अपराधमुक्त गर्नुपर्ने उनको जोड थियो ।

कार्यक्रममा सम्मानजनक प्रसूति सेवासम्बन्धी गम्भीर विषय पनि उठाइएको थियो । एफडब्लुएलडीद्वारा हालै सार्वजनिक गरिएको अध्ययन उद्धृत गर्दै श्रेष्ठले नेपालमा गर्भावस्था, सुत्केरी तथा प्रसवोत्तर अवधिमा महिलाहरूले भोग्ने हिंसाका विभिन्न स्वरूपहरू प्रस्तुत गरे । उनले प्रसूति हिंसालाई कानुनमै स्पष्ट रूपमा परिभाषित गरी दोषीलाई उत्तरदायी बनाउने र पीडित महिलालाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याए ।

श्रेष्ठले बाँझोपनको समस्याबाट जुधिरहेका दम्पतीका लागि उपयोगी वैकल्पिक प्रजनन प्रविधिसम्बन्धी स्पष्ट कानुनको अभाव रहेको पनि बताए । उनका अनुसार, यस क्षेत्रमा स्वास्थ्य सेवा प्रदायक, अभिभावक बन्न चाहने व्यक्ति, दाता र जन्मिने बच्चा, यी चारै पक्षको अधिकार र दायित्व सुनिश्चित गर्ने कानुनी संरचना आवश्यक छ ।

ओरेक नेपालकी संस्थापक डाक्टर रेनु अधिकारीले समुदायस्तरमा भएका प्रयासहरूबारे प्रकाश पार्दै विगत ३० वर्षमा यौन तथा प्रजनन स्वास्थ्य अधिकारका क्षेत्रमा उल्लेखनीय प्रगति भएको बताइन् । तर, उनले पितृसत्तात्मक सोच र सामाजिक लाञ्छना अझै पनि मुख्य बाधकका रूपमा रहेको उल्लेख गरिन् । यसलाई हटाउन स्थानीयदेखि अन्तर्राष्ट्रिय स्तरसम्म निरन्तर अभियान आवश्यक रहेको उनको भनाइ थियो ।

वन हर्ट वर्ल्ड वाइडका सूर्य भट्टले सुरक्षित र सम्मानजनक प्रसूति सेवाको आवश्यकता औंल्याउँदै गर्भावस्था, प्रसूति र प्रसवोत्तर अवधिमा महिलालाई गुणस्तरीय र मर्यादित सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिए । उनले संस्थाले महिला स्वयंसेविकालाई तालिम दिँदै सुरक्षित मातृत्वका कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिए । उनका अनुसार यो विषयलाई महिला अधिकार आन्दोलनको मुख्य एजेण्डाका रूपमा अघि बढाउन आवश्यक छ ।

सत्रमा योसानका दुर्गा सापकोटा, एफडब्लुएलडीकी बिनु लामा, पहिचान नेपालका इच्छा केसी, आइपास नेपालका अमित तिमिल्सिना लगायतले पनि आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन एशिया प्यासिफिक यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार सञ्जालकी कार्यकारी निर्देशक एलेक्जान्द्रा जोन्सले गरेकी थिइन् ।

कार्यक्रमले यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको सुनिश्चितताका लागि कानुनी सुधारसँगै प्रभावकारी कार्यान्वयन, सामाजिक सोच परिवर्तन र विश्वव्यापी सहकार्य आवश्यक रहेको निष्कर्ष निकालेको छ । नेपालको अनुभवले देखाएको छ, कानुन मात्र पर्याप्त छैन, त्यसको प्रभावकारी कार्यान्वयन र सामाजिक स्वीकृति नै वास्तविक परिवर्तनको आधार हो ।

# रास्वपाद्वारा थबाङ जीप दुर्घटनाप्रति दु:ख व्यक्त

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले यही वैशाख १७ गते रुकुम पूर्वबाट रोल्पा जिल्लाको थबाङ गाउँपालिका-जलजलातर्फ जाँदै गरेको जीप दुर्घटनामा परी ज्यान गुमाउनु भएकाप्रति दु:ख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ ।

प्रवक्ता मनिष झाले शनिबार शोक विज्ञप्तिमार्फत धेरै मानवीय क्षति भएको यो पीडादायी घटनाले स्तब्ध र मर्माहत बनाएको उल्लेख गरेका छन् । साथै झाले यस असह्य क्षणमा शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दै, घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

प्राप्त विवरणअनुसार लु१ज ४१६७ नम्बरको जीप रोल्पा जिल्लाको थवाङ गाउँपालिका-१ को भिरालो क्षेत्रमा दुर्घटनामा परेको हो । करिब ७००-८०० मिटर गहिरो भिरमा खसेको उक्त दुर्घटनाले अपूरणीय क्षति पुऱ्याएको छ ।

‘विकट भौगोलिक अवस्था र चुनौतीपूर्ण परिस्थितिका बाबजुद सुरक्षा निकाय तथा उद्धार टोलीहरूले देखाएको साहस, समर्पण र मानवीयताको हामी उच्च सम्मान गर्दछौँ’, विज्ञप्तिमा उल्लेख छ ।

रास्वपाले यस दु:खद् घटनाले फेरि एकपटक सडक सुरक्षाको अवस्थाबारे गम्भीर प्रश्न उठाएको उल्लेख गर्दै यस्ता दुर्घटनाहरू तथ्याङ्क मात्रै होइनन् यी नागरिकको जीवनसँग जोडिएका संवेदनशील वास्तविकता हुन् भन्नेमा सचेत रहेको जनाएको छ ।

रास्वपाले आगामी दिनमा यस्ता दु:खद् घटनाको पुनरावृत्ति हुन नदिन सवारीसाधन दुर्घटना न्यूनीकरणका लागि नीतिगत सुधार, सडक अनुशासनको कडा कार्यान्वयन तथा आवश्यक पूर्वाधार विकासमा दृढताका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# तीन दशकपछि पनि मौका परीक्षा दिन पाइने

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले शैक्षिक पात्रो सुधार्न अनियमित रहेका परीक्षा धमाधम सञ्चालन गरिरहेको छ । त्रिवि परीक्षा नियन्त्रण कार्यालयले आगामी साउनदेखि नियमित शैक्षिक पात्रोअनुसार परीक्षा सञ्चालन गर्न अहिले अनियमित भएका परीक्षालाई धमाधम सञ्चालन गरिरहेको कार्यालयका परीक्षा नियन्त्रक लक्ष्मण पौडेलले जानकारी दिए ।

‘अहिले हामी अनियमित भएका शैक्षिक पात्रोलाई सुर्धानका लागि महिनामा तीनदेखि चार प्रकारका परीक्षा लिइरहेका छौँ,’ उनले भने, ‘२०५३ सालदेखिका मौका परीक्षा पनि असारसम्म सम्पन्न गर्नेगरी परीक्षा भइरहेका छन् ।’

वैशाख महिनामात्रै चार प्रकारका परीक्षा सञ्चालन भइरहेका छन् । स्नातक तहतर्फ बिएएलएलबीको दोस्रो वर्ष, स्नातक तह नियमित दोस्रो वर्ष, वि.टेक पहिलो र दोस्रो वर्षको परीक्षा सञ्चालन भइरहेको छ । परीक्षा नियन्त्रक पौडेलले असारसम्म सबै परीक्षा सम्पन्न गरेर आगामी साउनदेखि शैक्षिक पात्रोमा उल्लेख गरिएका २०८३ अन्तर्गतका परीक्षा सञ्चालन गर्ने बताए । उनका अनुसार जेठ महिनामा तीनवर्षे स्नातक तहको पहिलो वर्ष र चारवर्षे स्नातक तहतर्फ पहिलो वर्ष, बिएएलएलबी तेस्रो वर्ष, विटेक तेस्रो वर्षको परीक्षाको कार्यतालिका सार्वजनिक गरिसकेको छ ।

यस्तै असार महिनामा स्नातक तहको सबै संकायको चौथो वर्षको नियमित परीक्षा तोकिएको छ । ‘असारसम्म हामीले कोरोना भाइरस र जेनजी आन्दोलनदेखि नियमित हुन नसकेका परीक्षा सम्पन्न गरेर आगामी साउनदेखि त्रिविकै शैक्षिक पात्रोअनुसार नियमित परीक्षा गर्ने छौँ,’ उनले भने । अहिले सञ्चालन भइरहेका ती परीक्षामा करिब एक लाख १५ हजार परीक्षार्थी सहभागी भएका छन् । परीक्षा नियन्त्रण कार्यालयले सय दिनमा नै परीक्षाफल प्रकाशित गर्ने गरेको छ । परीक्षा सम्पन्न भएको सय दिनमा परीक्षाफल प्रकाशित गर्न थालिएको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए । *रासस*

# तीन करोड ६२ लाख खर्चेर डुडियाघाटमा बनाइयो पक्की पुल

**गलकोट–** बागलुङको काठेखोला गाउँपालिका-२ भिमापोखरा र काठेखोला गाउँपालिका-४ तग्राम जोड्नका लागि डुडियाघाटमा पक्की पुल निर्माण सम्पन्न भएको छ । बागलुङको काठेखोला गाउँपलिकाभित्र बाह्रै मास सवारीसाधन सञ्चालनमा ल्याउने योजनाअनुसार डुडियाखोलाको डुडियाघाटमा पक्की पुल निर्माण गरिएको हो ।

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत तीन करोड ६२ लाख २२ हजार खर्चेर पुल निर्माण सम्पन्न गरिएको छ । ठेक्का पाएको बिएमए निर्माण सेवाले २०८० कात्तिक १७ गते २०८२ वैशाखमा सम्पन्न गर्ने गरी सम्झौता गरिएको थियो । निर्माण कम्पनीले सम्झौताको एक वर्ष ढिला गरी निर्माण कार्य सकेको छ ।

निर्माण सम्पन्न भएर हस्तान्तरणको चरणमा पुल पुगेको पूर्वाधार विकास कार्यालयका प्रमुख दीपेश रिगलले जानकारी दिए । आरसिसिटी बिम प्रकारको पुल ८ दशमलव ४० मिटर चौडाइ र २० मिटर लम्बाइको रहेको छ । उक्त पुल निर्माण सकेर हस्तान्तरणको प्रक्रियामा पुगेको निर्माण व्यवसायी विमलेश आचार्यले जानकारी दिए ।

गत वर्ष सक्नुपर्ने गरी पुल पहिले नै ढलान भए पनि सडकको दुईतर्फ काम बाँकी रहेको र भुक्तानीमा ढिलाइ भएकाले एक वर्षपछि मात्रै पुल निर्माण सम्पन्न भएको आचार्यले जनकारी दिए । पुल निर्माणपछि काठेखोला गाउँपालिकाको दुई वडा तङ्ग्राम र धम्जामा र ताराखोला गाउँपालिका पुग्ने छोटो सडक बाह्रैमास सञ्चालनमा आउने छ ।

गाउँपालिकाभर अहिलेसम्म गण्डकी प्रदेश सरकारले तीन ठाउँमा पक्की पुल निर्माण सम्पन्न भएपछि गाउँपालिकाभर बर्खामा यातायात ठप्प नहुने काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिए । काठेखोला गाउँपालिकाको रेश जाने सडकको रेशस्थित एक्लेखेत, लामाबगर खोला र डुडियाघाटमा पक्की पुल बनेपछि गाउँपालिकाका सबै वडामा बाह्रैमास सवारीसाधन चल्ने भएको अध्यक्ष थापाले जानकारी दिए ।

गण्डकी प्रदेश सकारको १२ करोड लगानीमा तीन वटा पुल निर्माण सम्पन्न भएको हो । ‘पक्की पुल निर्माणमा प्रदेश सरकाले सहयोग गरेका कारण काठेखोलामा बाह्रैमास सवारीसाधन चल्ने भएका छन्, दुई वर्षदेखि रेश र तीन वर्षदेखि लामाबगरमा पुल बन्दा सहज भएको र अहिले डुडियाघाटको पुल समेत निर्माण सम्पन्न भइसकेको छ,’ थापाले भने, ‘पुल नहुँदा बर्खामा सवारीसाधन ठप्पजस्तै हुन्थे अब सहज भयो, गाउँपालिकाको ध्यान अब सडक स्तरोन्नतिमा छ ।’

गाउँपालिकाको वडा नम्बर ६ बिँहु र वडा नम्बर-२ भिमापोखरा जोड्ने गरी लामाबगरमा तीन वर्ष पहिले ३० मिटर लामो पक्की पुल तीन करोड ३१ लाख लागतमा निर्माण सम्पन्न भएको थियो भने दुई वर्ष अघि मात्रै रेश जाने सडकको एक्लेखेतमा २५ मिटर लामो पक्की पुल रु पाँच करोडमा निर्माण भएको थियो । *रासस*

# ट्राफिक नियम उल्लंघन भए लाइसेन्स र ब्लुबुक नखोजिने

**काठमाडौं–** के तपाइँ ट्राफिक नियम उल्लंघनमा परेपछि प्रहरीलाई सवारी चालक अनुमतिपत्र र ‘ब्लुबुक’ बुझाउँदा हैरानी खेप्नुभएको छ ? ट्राफिक व्यवस्थापनका लागि खटिने प्रहरीको पनि त्यसरी कागजपत्र लिनु रहरको विषय नहुन सक्छ । हालसम्मको अभ्यासमा ट्राफिक कारबाहीमा सवारी चालकको कागजपत्र जाँच गर्ने र जरिवाना गराउने कार्य हुँदै आए पनि अब सवारी चालक र ट्राफिक दुवैलाई यो झन्झट नहुने भएको छ ।

सर्वोच्च अदालतले ट्राफिक नियम उल्लंघन गरेको आधारमा सवारी चालकको अनुमतिपत्र, ब्लुबुक, चाबीलगायत कागजपत्र नियमन्त्रणमा लिनु कानुनविपरीत भएको ठहर गरेपछि ट्राफिक व्यवस्थापन र कारबाहीमा नयाँ अभ्यास देखिने भएको छ । न्यायाधीशद्वय अब्दुल अजीज मुसलमान र श्रीकान्त पौडेलको संयुक्त इजलासले गत पुस ६ गते गरेको फैसलाको हालै सार्वजनिक भएको पूर्णपाठमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारी चालकको चालक अनुमतिपत्र, ब्लुबुकलगायत कागजपत्र र चाबी नियन्त्रणमा नलिन फैसला गरेको हो ।

नेपाल ल क्याम्पसमा अध्ययनरत कानुनका विद्यार्थी विवेक चौधरीले दायर गरेको रिट निवेदनमाथि यो फैसला भएको हो । निवेदक चौधरी विसं २०८१ साउन ४ गते बबरमहलमा ट्राफिक लाइट उल्लंघनमा पर्दा प्रहरीले जरिवाना गरी लाइसेन्स नियन्त्रणमा लिएको र २४ घण्टापछि मात्र फिर्ता दिएको समस्या लिएर अदालत पुगेका थिए । उक्त विषयमा अदालतले सरोकारवाला सबै निकायसँग छलफल गरी निष्कर्षमा पुग्दा ट्राफिक नियम उल्लंघन गरेको आधारमा सवारी चालकको अनुमतिपत्र, ब्लुबुक, चाबीलगायतका कागजपत्र नियमन्त्रणमा लिनु कानुनविपरीत भएको ठहर गरेको हो ।

ट्राफिक प्रहरी कार्यालयले सवारी चालकहरूको सवारी चालक अनुमतिपत्रसमेत नियन्त्रणमा लिने सम्बन्धमा कुनै निर्णय गरेको देखिएन । ‘सार्वजनिक अधिकारीको स्वेच्छाचारितालाई अदालतले मान्यता दिन हुँदैन, यसमा आवश्यक नियन्त्रण गर्नु जरुरी हुन्छ’, फैसलामा भनिएको छ, ‘जहाँ स्वेच्छाचारिताले प्रश्रय पाउँछ, त्यहाँ कानुनी राज्यको आदेश निमोठिन पुग्छ ।’

अदालतले ट्राफिक प्रहरीले निवेदक र अन्य व्यक्तिको सवारी चालक अनुमितपत्र, ब्लुबुक, चाबीलगायतका कागजपत्र नियन्त्रणमा लिन कानुनले अनुमति प्रदान नगरेको अवस्थामा नियन्त्रणमा लिने गरेको भन्ने देखिएको हुँदा त्यस्तो स्वेच्छाचारी र कानुनविपरीतको कार्य रोक्न निर्देशनात्मक आदेशसमेत गरेको छ । फैसलामा भनिएको छ, ‘सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारी चालकको अनुमतिपत्र, ब्लुबुकलगायत कागजपत्र र चाबी नियन्त्रणमा लिने कार्य नगर्नु/नगराउनु भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी छ ।’ अदालतले गृह मन्त्रालय, नेपाल प्रधान कार्यालय र काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका नाममा उक्त निर्देशनात्मक आदेश गरेको हो ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने व्यवस्था भने गरेको छ । ऐनको (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पहिलोपटक ट्राफिक नियम उल्लंघन गर्नेलाई रु पाँच सय रूपैयाँ, दोस्रोपटक गर्नेलाई रु एक हजार र

> ट्राफिक प्रहरी कार्यालयले सवारी चालकहरूको सवारी चालक अनुमतिपत्रसमेत नियन्त्रणमा लिने सम्बन्धमा कुनै निर्णय गरेको देखिएन । ‘सार्वजनिक अधिकारीको स्वेच्छाचारितालाई अदालतले मान्यता दिन हुँदैन, यसमा आवश्यक नियन्त्रण गर्नु जरूरी हुन्छ’, फैसलामा भनिएको छ, ‘जहाँ स्वेच्छाचारिताले प्रश्रय पाउँछ, त्यहाँ कानुनी राज्यको आदेश निमोठिन पुग्छ ।’

तेस्रोपटक वा सोभन्दा बढी पटक गर्नेलाई रु एक हजार ५०० जरिवाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्ने व्यवस्था छ ।

ट्राफिक प्रहरीले जरिवाना गर्न सक्ने अवस्थाहरूमा ट्राफिक सङ्केत वा इशारा उल्लंघन गरी सवारी चलाएमा, सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएमा, सवारी मोड्न वा ध्वनि सङ्केत दिन निषेध गरिएको ठाउँमा सवारी मोडेमा, सडकमा गलत मार्गतर्फबाट सवारी चलाएमा, एकतर्फी सडकमा सोविपरीत सवारी चलाएको, अवस्था ठिक नभएको सवारी सञ्चालन गरेकालगायत छन् ।

त्यस्तै, निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा, राति बत्ती नबाली सवारी चलाएमा, मादक पदार्थ सेवन गरी सवारी चलाएमा, अरूलाई बाधा पुग्नेगरी सार्वजनिक स्थानमा सवारी राखेमा, सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएमा, नम्बर प्लेट नराखी सवारी चलाएमा, सवारीको वजनको हद निर्धारण गरिएको ठाउँमा निर्धारित वजनभन्दा बढी भएका सवारी चलाएमा प्रहरीले जरिवाना गर्न सक्नेछ ।

साथै, पेटी नबाँधी वा हेल्मेट नलगाई सवारी चलाएमा, सवारीमा बस्ने वा राखे मानिस वा मालसामानको हद निर्धारित गरिएकामा सोहदभन्दा बढी राखी सवारी चलाएमा, सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा, निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा, लापरवाही साथ सवारी चलाएमा, वाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएमा र चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएमा जरिवाना गर्ने व्यवस्था छ ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ ले ट्राफिक प्रहरीलाई केवल जरिवाना गर्ने अधिकार दिएकामा कानुनले तोकेको भन्दा बढी अधिकार प्रयोग गरी सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिँदा व्यक्तिको आवतजावत गर्ने र आफ्नो पेसा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रतामा अनुचित बन्देज लाग्ने अदालतले व्याख्या गरेको छ ।

फैसलामा भनिएको छ, ‘विधिको शासनको विपरीत हुन जान्छ, नेपालको संविधानको धारा १८ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरेको अवस्थामा कानुनविपरीत प्रहरीले कुनै चालकको सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिने कार्यले नेपालको संविधानको धारा १८ अन्तर्गत समान संरक्षणको हकलाई समेत असर पार्दछ ।’ अदालतले व्यक्तिको हक अधिकार वा स्वतन्त्रतालाई असर पार्ने जुनसुकै कार्य पनि स्पष्ट कानुनी शक्तिको आधारमा गरिएको हुनुपर्ने र जुन काम प्रत्यक्ष रूपले गर्न पाइँदैन त्यो काम अप्रत्यक्ष रूपले समेत गर्न नमिल्ने भनेको छ ।

फैसलामा भनिएको छ, ‘सवारी नियमको उल्लंघन गरेमा हुने सजायअन्तर्गत चालक अनुमतिपत्र, ब्लुबुक र गाडीको साँचो कब्जामा लिने कानुनी व्यवस्थाको अभावमा सोकार्य कुनै निकाय वा अधिकारीबाट हुन्छ भने उक्त कार्यले व्यक्तिको मर्यादालाई असर पार्ने हुँदा यस प्रकारका सवारी नियमको उल्लंघन भएको अवस्थामा चालक अनुमतिपत्रलगायत कागजात नियन्त्रणमा लिनु न्यायपूर्ण मान्न नमिल्ने हुँदा निवेदकबाट अनुमतिपत्रलगायत कागजात कब्जामा लिने कार्य गैरकानुनी देखिन आयो ।’ खकानुनी व्यवस्थालाई हेर्दा, सवारी नियमको उल्लंघन गरेबापत सवारी चालकको सवारी चालक अनुमतिपत्र वा अन्य सवारीसँग सम्बन्धित कागजात नियन्त्रणमा लिने, जफत गर्ने अधिकार ट्राफिक प्रहरीलाई कानुनले दिएको कहीं पनि नदेखिएको अदालतले व्याख्या गरेको छ । *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अध्यादेशबाटै शासन संसदको अवमुल्यण

**सरकारले सिफारिस गरेको ७ अध्यादेशमध्ये पछिल्लो ३ दिनमा राष्ट्रपति रामचन्द्र पौडेलले ६ वटा अध्यादेश जारी गरेका छन् । यी अध्यादेश सरकारले आफू निकट मानिसहरूलाई सरकारका विभिन्न निकायमा नियुक्ती दिने योजनाका साथ अघि जारी गरेको देखिन्छ । संसद बोलाइसकेको अवस्थामा हठात् बन्द गरेर सरकारले यस्ता अध्यादेशहरू अघि सारेको हो । सामान्यतय कानुनहरू संसदमा बहस चलेपछि त्यहाँ उठेका विषयहरूलाई समेटेर बनाइन्छ । तर यसपटक राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले संसद बन्द गरेर अध्यादेशको शासन शुरु गरेको छ ।**

**रास्वपालाई सदनबाट विधेयक पारित हुन्न भन्ने डर थिएन । किनकि प्रतिनिधि सभामा रास्वपा झन्डै दुईतिहाई बहुमत नजिक छ । कुनै पनि विधेयक दुबै सदनबाट पारित भएपछि राष्ट्रपतिले सदर गरिदिएसँगै कानुन बन्छ । रहृयो कुरा राष्ट्रिय सभाको । राम्रो विषयमा प्रतिनिधि सभाबाट पारित भएको विधेयक राष्ट्रिय सभामा रोकेको घटना विरलै छ । तर सरकारले संसदहरूको कुरा सुन्न चाहेन । सीधै वालेन्द्र शाह नेतृत्वको सचिवालयको कुरा राखेर इमर्जेन्सी बाटो समात्यो । सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ शनिबार राष्ट्रपतिले जारी गरिसकेको छ । यो अध्यादेशमा ११० भन्दा बढी कानुन संशोधन गरी विगतका सरकारले राजनीतिक नियुक्तीलाई खारेज गर्ने व्यवस्था राखिएको छ ।**

**राज्य सञ्चालनका लागि संविधानले विभिन्न आयोग र निकायहरूको व्यवस्था गरिएको छ । ती आयोग र निकायहरूका पदाधिकारी क्षमताका आधारमा नियुक्त हुन्छन् । यस्ता पदाधिकारी विगतका सरकारले आफू अनुकुल नियुक्त गर्थे । नयाँ सरकार आउँदा हटाउन खोजे अदालतले ती पदाधिकारीलाई थमौती दिइन्थ्यो । अब रहृयो रास्वपाको सरकारले ल्याएको अध्यादेशको विषय । यो अध्यादेश जारी भएसँगै राजनीतिक नियुक्ती खारेज गरेपछि अबको नियुक्ती कसरी हुन्छ त ? के रास्वपाले सरकारले गर्ने नियुक्ती चाहि राजनीतिक हुँदैन त ? पक्कै पनि यो राजनीतिक भन्दा बाहिर जाँदैन । राजनीतिभन्दा बाहिर जाने हो भने अब आयोग र यस्ता निकायको नियुक्ती लोकसेवा आयोगबाट परीक्षा गराएर गर्नुपर्छ । नभए प्रतिस्पर्धाका नाममा सरकारले छनोट समिति बनाएर गरिने हरेक नियुक्ती राजनीतिक हुन्छ ।**

**सबैभन्दा रमाइलो विषय त यस्तो अध्यादेश ६० दिनभित्र दुबै सदनबाट पारित भइसक्नुपर्छ । पारित नभए पनि राजनीतिक नियुक्ती त खारेज भइसकेको हुन्छ । तत्कालीन केपी शर्मा ओली सरकारले पनि यसरी नै नियुक्ती अघि बढाएर अख्तियार दुरूपयोग अनुसन्धान आयोगदेखि विभिन्न आयोगमा नियुक्ती दिएका थिए । त्यसरी नियुक्त गर्नु कानुनी अस्पष्टता हो । यसको फाइदा रास्वपा सरकारले पनि लिन लागेको छ । भोलि यही निर्णय रास्वपालाई भारी पर्न सक्छ ।**

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# अभिधम्म पिटकको सान्दर्भिकता



❑ मदनरत्न मानन्धर

> “ अभिधर्मअन्तर्गत चित्तकाण्डको विवरणअनुसार पृथकजन् मानिस वा कुनै पनि प्राणीको मृत्युपश्चात् उसको तत्काल पुनर्जन्म हुन्छ । किनकि मृत्युको क्षण उत्पन्न हुने च्युति चित्तले तुरुन्तै प्रतिसन्धि चित्त उत्पन्न भई आ-आफ्नो कर्मअनुसारको गतिमा उत्पन्न हुन्छन् । तसर्थ, अन्तराभवको कुनै गुञ्जायस छैन भनी यस ग्रन्थले खण्डन गर्दछ । यसरी २१९ वटा विवादको खण्डन यस ग्रन्थमा पाइन्छ भने त्यसका लागि २२६ वटा कथा (व्याख्या) हरूको वर्णन गरिएको छ । सबै कुराहरु प्रश्न उत्तरको तरिकाले प्रस्तुत भएका छन् । यसमा धम्म गम्भीर, अत्थ गम्भीर, देसना गम्भीर र पटिवेध गम्भीर गरी चार प्रकारले गम्भीर धर्मले पूर्ण भएको पाइन्छ ।



नेपालको वर्तमान लुम्बिनी उद्यानमा ई.पू. ६२३ मा जन्मिएका राजकुमार सिद्धार्थले ३५ वर्षको उमेरमा बोधिज्ञान लाभ गरी बुद्ध बने । बुद्धत्व प्राप्तिपछिको चौथो हप्तामा सात दिन सात रात रत्नाघर चैत्यमा अभिधर्मको चिन्तन, मनन र परामर्शन गरेको कुरा पालि साहित्यमा उल्लेख छ । तर अभिधर्मको देशना-सातौं वर्षावास दौरान त्रायस्त्रिंश देवभूवनमा लगातार तीन महिनासम्म गरिएको थियो । उक्त देशनाको संक्षिप्त देशना-धर्म सेनापति सारिपुत्र महास्थविरलाई दिए । उनीबाट आफ्ना ५०० शिष्यलाई न त संक्षिप्त न त विस्तृतमा देशना गरे र सोही देशनाको अहिलेसम्म निरन्तरता पाइन्छ ।

अभिधम्मभित्र सातवटा प्रकरण (सत्तप्पकरण) छन् । जसमा पकरण = प्रकरण = प्रकार प्रकारले बताइएको भन्ने अर्थ लाग्दछ । यसमा धम्मसंगणीप्पकरण (धर्मको विषयवस्तु संग्रह), विभंगप्पकरण (धर्मलाई विभाजन गरी बताइएको), धातुकथाप्पकरण (धर्म र धातुको सम्बन्ध), पुग्गलपञ्ञत्तिप्पकरण (मानिसहरूको प्रकार), कथावत्थुप्पकरण (२१९ वटा गलत धारणालाई सुधार गरिएको), यमकप्पकरण (जोडा मिलेका धर्महरूको व्याख्या) र प√ान महाप्पकरण (२४ वटा प्रत्ययधर्म एकआपसमा आधारित रहेको व्याख्या) पर्दछन् । यी ग्रन्थहरूका बारेमा संक्षेपमा तल चर्चा गरिएको छ ।

धम्मसंगणी दुई शब्द मिलेको छ । धम्म र संगणी, जसमा धम्मको अर्थ स्वभाव र संगणीको अर्थ संग्रह गरी पूर्णरूपमा गणना गरी देखाइएको भन्ने लाग्दछ । यो ग्रन्थमा अभिधर्म देशनाको मूल उपदेश संग्रहित भएकाले यसलाई मूल आधार मानिन्छ किनकि अन्य ग्रन्थ बुझ्नका लागि महत्त्वपूर्ण ग्रन्थ हुन् । यसमा परमार्थ सत्यलाई विभिन्न खण्डमा विभाजन गरिएको पाइन्छ । जस्तो कि चित्तलाई संश्लेषण विश्लेषण गरिएको छ (चित्त संक्षिप्तमा ८९ वटा र विस्तृतमा १२१ वटा देखाइएको) । रूप भौतिक तत्वलाई स्कन्ध (समूह), धातु (महाभूत), आयतन (क्षेत्र), इन्द्रीय (शक्ति) को रूपमा संश्लेषण विश्लेषण गरिएको र २८ प्रकारका रूप बताइएको छ । कामावचर (कामलोकमा पाइने), रूपावचर (रूप ब्रह्मलोकमा पाइने), अरूपावचर (अरूप ब्रह्मलोकमा पाइने) चित्तअनुसार ३१ वटा लोकको वर्णन पाइन्छ ।

संग्रह गरी देखाइएको भन्नाले कुशल अकुशल आदि सबै स्वभाव धर्महरूलाई संग्रह गरी देखाइएको भन्ने बुझिन्छ । पूर्णरूपमा गणना गरी देखाइएको भन्नाले कुशल अकुशल आदि धर्महरूको स्वरूपलाई पूर्णरूपमा गणना गरी देखाइएको भन्ने बुझिन्छ । यस धम्मसंगणी ग्रन्थलाई दुई भागमा विभाजन गरी देखाइएको छ, ती हुन्- तिक मातिका र दुक मातिका । मातिका अर्थात् तालिका । तिक मातिकामा २२ वटा मातिका छन्- कुशल तिक, वेदना तिक, विपाक तिक आदि । दुक मातिकामा १४२ वटा मातिकाहरू छन्- हेतु दुक आदि १०० वटा र विज्जाभागी दुक आदि ४२ वटा ।

तिक मातिकामा कुशल त्रिकभित्र कुशला धम्मा, अकुशला धम्मा, अव्याकता धम्मा पर्दछन् । कुशला धम्मा = (कुशल धर्महरू) दोषरहित राम्रो फल दिने लक्षण भएका कुशल धर्महरू पर्दछन् । घृणा गर्न योग्य पाप अकुशल धर्महरूलाई कम्पन गर्नसक्ने, नाश गर्नसक्ने कारणले कुशल भनिएको हो । अर्को, सत्वप्राणीहरूको सन्ततिमा घृणा गर्न योग्य हुनेगरी विद्यमान भइरहेको कुस (अकुशल) लाई प्रहाण गर्न सक्ने भएको हुनाले पनि कुशल भनिएको हो । कुस भन्ने ज्ञानले ग्रहण गर्न योग्य भएको हुनाले पनि कुशल भनिएको हो ।

त्यस्तै अकुशला धम्मामा मित्रको विपरीत (उल्टो) अमित्र हुनेझैं कुशल नभएको, कुशलको विपरीत भइरहेको धर्मलाई अकुशल भनिएको हो । यसमा दोषसहितको नराम्रो फल दिने लक्षण भएको अकुशल धर्महरू पर्दछन् । अकुशल धर्ममा अकुशल चित्त १२ र चैतसिक २७ हुन्छन् । अकुशल चित्तभित्र लोभ चित्त आठ, द्वेष चित्त दुई र मोह चित्त दुई हुन्छन् । अकुशल चैतसिकभित्र सर्वचित्त साधारण सात, पकिण्णक छ र अकुशल १४ हुन्छन् । अव्याकता धम्मा अर्थात् अव्याकृत धर्महरू अव्याकृत (कुशल अकुशलको रूपमा भन्न नमिल्ने, विपाक, क्रिया, रूप र निर्वाण) धर्महरू पर्दछन् । कुशल अकुशल भनी नबताइएको हुनाले अव्याकृत भनिएको हो । अव्याकृत धर्ममा विपाक चित्त ३६ वटा वा ५२ वटा, क्रिया चित्त २० वटा, चैतसिक ३८, रूप २८ र निर्वाण पर्दछन् । दुक मातिकामा हेतु दुक आदि १०० वटा र विज्जाभागी दुक आदि ४२ वटा गरी १४२ वटा मातिका छन् । दुक भन्नाले द्विक (दुई समूह), मातिका अर्थात् मातृका (तालिका) पर्दछन् । पहिलो छ, हेतुगोच्छकं (हेतुगुच्छक) अर्थात् हेतु हेतु सबै एकै ठाउँ जम्मा गरिएको छ ।

धर्म (स्वभाव) लाई १८ वटा विषयवस्तुमा विभाजन, विश्लेषण गरी देखाइएको हुनाले यस ग्रन्थलाई विभंग नामाकरण गरिएको पाइन्छ । यसमा खन्धविभंग (पाँच स्कन्ध- रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान स्कन्ध), आयतनविभंग (१२ वटा- आँखा र रूप, कान र शब्द, नाक र गन्ध, जिब्रो र रस, शरीर र स्पर्श, मन र मानसिक धर्म), धातुविभंग (छ वटा- पथवी, आपो, तेजो, वायो, आकास र विञ्ञाण) र १८ वटा हुन्छन् । त्यस्तै सच्चविभंग (चार सत्य), इन्द्रीयविभंग (२२ वटा- आँखा, नाक, कान आदि), पच्चयाकारविभंग (प्रतीत्य समुत्पाद, १२ वटा), सतिप√ानविभंग (चार स्मृतिप्रस्थान), सम्मप्पधानविभंग (चार उद्योग), इद्धिपादविभंग (ऋद्धिपाद) (चार प्रबलता) र बोज्झंगविभंग (सात बोधिअंग) रहेका छन् । यसैगरी धर्ममा मग्गविभंग (आठ मार्ग), झानविभंग (रूप ध्यान र अरूप ध्यान दुई), अप्पमञ्ञाविभंगमा चार ब्रह्मविहार (मैत्री, करुणा, मुदिता र उपेक्षा), सिक्खापदविभंगमा पाँच (पञ्चशील), पटिसम्भिदाविभंगमा चार (राम्ररी जान्नुपर्ने), ञाणविभंगमा प्रज्ञा (लौकिक प्रज्ञा र लोकोत्तर प्रज्ञा) को बारे उल्लेख छ भने खुद्दकवत्थुविभंगमा १८ र ६२ मिथ्यादृष्टि र धम्महदयविभंग- एक । माथिका १७ वटा विभंगलाई राम्ररी बुझ्यो भने मिथ्यादृष्टि हटी मन निर्मल हुँदै आउँछ, जसबाट निर्वाणसम्म पुऱ्याइदिन्छ ।

‘अत्तनो सभाव धारेती’ती धातु अर्थात् आफ्नो स्वभावलाई धारण गरिराख्ने भएकाले धातु भनियो । धातु (स्वभाव)को बारे बताइएको हुनाले यस ग्रन्थलाई धातुकथा भनिन्छ । अहिले धातुलाई तत्व वा खनिज धातु भन्ने अर्थ लाग्दछ, तर २६ सय वर्षअघिको भाषामा स्वभावलाई धातु भनिन्थ्यो । ती पनि विभिन्न थरीका रहेका छन् । पथवी, आपो, तेजो, वायो, आकास र विञ्ञाण गरी छ वटा, चक्खुधातु (आँखा), सोतधातु (कान), घानधातु (नाक), जिव्हाधातु (जिब्रो), कायधातु (शरीर), मनोधातु (मन)- छ वटा, रूपधातु, सद्दधातु (शब्द), गन्धधातु, रसधातु, फो√ब्बधातु (स्पर्शव्य वस्तु), धम्मधातु (मनमा उत्पन्न हुने विचार आदि)- छ वटा छन् ।

चक्खुविञ्ञाणधातु (आँखाले देख्यो भनी जान्ने वा थाहा पाउने चित्त), सोतविञ्ञाणधातु (कानले सुन्यो भनी जान्ने चित्त), घानविञ्ञाणधातु (नाकले सुँघ्यो भनी जान्ने चित्त), जिव्हाविञ्ञाणधातु (जिब्रोले स्वाद पायो भनी जान्ने चित्त), कायविञ्ञाणधातु (शरीरले स्पर्श भयो भनी जान्ने चित्त), मनोविञ्ञाणधातु (मनले चिन्तन गऱ्यो भनी जान्ने चित्त)-छ गरी १८ वटा । धम्मसंगणी र विभंगमा आएको कुरालाई प्रश्न उत्तरको शैलीमा प्रस्तुत गरिएको पाइन्छ । यसलाई विभंग ग्रन्थको सरलीकृत प्रस्तुति पनि भनिन्छ । यस ग्रन्थमा स्कन्ध, आयतन, सत्य, इन्द्रीय, प्रतीत्यसमुत्पाद, सतिप√ान, ऋद्धिपाद आदि बोधिपाक्षिक धर्महरू पनि समावेश भएको छ । कुन-कुन स्कन्धमा कुन-कुन धातु हुन्छ, कुन-कुन हुँदैन ? भनी प्रश्न उत्तर गरी बताइएको छ ।

पुग्गल अर्थात् व्यक्ति वा सत्व, पञ्ञत्ति भन्नाले प्रज्ञप्ति, विचार, चिन्तन पर्दछन् । पुग्गल पञ्ञत्तिको विषय सूचीमा छ वटा पञ्ञत्तिहरू खन्धपञ्ञत्ति, आयतनपञ्ञत्ति, धातुपञ्ञत्ति, सच्चपञ्ञत्ति, इन्द्रियपञ्ञत्ति र पुग्गलपञ्ञत्ति देखाइएको छ । मानिसहरूको चरित्र, आनीबानी, मानसिक स्थिति, जीवन शैलीको हिसाबले जम्मा १४७ समूह र ३९० प्रकारका मानिसहरूको चरित्र चित्रण गरिएको छ । यसरी एकदेखि १० प्रकारका मानिसहरूको विवरण यस ग्रन्थमा पाइन्छन् । यहाँ उदाहरणका रूपमा तीन प्रकारका मानिसहरूलाई लिन सकिन्छ । एक- ढुंगामा कोरिएको धर्को समानका अर्थात् बारम्बार रिसाउने, लामो रिस हुनेहरू ढुंगामा कोरिएको धर्को समानका, दुई- भुइँमा कोरिएको धर्को समानका अर्थात् बारम्बार रिसाउँछ तर लामो रिस नहुनेहरू भुइँमा कोरिएको धर्को समानका र तीन- पानीमा कोरिएको धर्को समानका अर्थात् कोही कडा, कठोर, सुन्न मन नपराउने कुरा गर्ने हुन्छन् तर उसले ती सबै सान्दर्भिक र स्वीकार्य बनाउँछ, ती पानीमा कोरिएको धर्को समानका हुन् । अर्को उदाहरणका रूपमा हेर्ने हो भने मानिस चार प्रकारका हुन्छन् । अँध्यारोबाट अँध्यारोतर्फ जाने, अँध्यारोबाट उज्यालोतर्फ जाने, उज्यालोबाट अँध्यारोतर्फ जाने र उज्यालोबाट उज्यालोतर्फ जाने ।

कथा भन्नाले भन्नुपर्ने कुरा वा वादहरू र वत्थु भन्नाले वस्तु, रहने उत्पन्न हुने ठाउँ । बुद्ध धर्मसम्बन्धी उत्पन्न भएका र हुनसक्ने सबै प्रकारका तर्क वा विवादहरूलाई प्रमाणसहित विश्लेषण गरिराखेको ग्रन्थ । त्यतिबेलाका विपक्षी (१७ वटा मत) हरूको गलत सिद्धान्तलाई खण्डन गर्न रचिएको । यसका रचनाकार भिक्षु मोग्गलिपुत्त तिस्स जो सम्राट अशोककालीन थिए । उनले ती खण्डन सबै बुद्धवचनमा आधारित भएर गरिएको थियो । तसर्थ तेस्रो संगायनामा त्रिपिटकअन्तर्गत राखिएको छ ।

संगायना गर्नुको कारण त्यतिबेला भिक्षुहरूलाई धेरै सुविधा दिइएको थियो । ती सुविधा उपभोग गर्न र ऐस आरामको जीवन जिउन जो पायो त्यो भिक्षु बनेका थिए, विनयअनुकूल भिक्षु बनेका थिएनन् । तसर्थ, भिक्षुसंघमा अनेक प्रकारका विकृतिहरू मौलाए । सही र शुद्ध भिक्षुहरूलाई जीउन धौधौ बनाइयो । यो कुरा थाहा पाएका सम्राट अशोकले भिक्षुसंघमा शुद्धीकरणको प्रयास गरे, जसको फलस्वरूप ६० हजार मिथ्यावादी भिक्षुहरू निकालिए ।

अभिधर्मअन्तर्गत चित्तकाण्डको विवरणअनुसार पृथकजन् मानिस वा कुनै पनि प्राणीको मृत्युपश्चात् उसको तत्काल पुनर्जन्म हुन्छ । किनकि मृत्युको क्षण उत्पन्न हुने च्युति चित्तले तुरुन्तै प्रतिसन्धि चित्त उत्पन्न भई आ-आफ्नो कर्मअनुसारको गतिमा उत्पन्न हुन्छन् । तसर्थ, अन्तराभवको कुनै गुञ्जायस छैन भनी यस ग्रन्थले खण्डन गर्दछ । यसरी २१९ वटा विवादको खण्डन यस ग्रन्थमा पाइन्छ भने त्यसका लागि २२६ वटा कथा (व्याख्या) हरूको वर्णन गरिएको छ । सबै कुराहरू प्रश्न उत्तरको तरिकाले प्रस्तुत भएका छन् । यसमा धम्म गम्भीर, अत्थ गम्भीर, देसना गम्भीर र पटिवेध गम्भीर गरी चार प्रकारले गम्भीर धर्मले पूर्ण भएको पाइन्छ ।

यमक भन्नाले जोडा-जोडा मिलाइ बताइएको भन्ने अर्थ लाग्दछ । यसमा कुशल, अकुशल, अव्याकत आदि धर्महरूको सूक्ष्म प्रश्नहरूलाई सरल ढंगमा उत्तर दिई बुझाइएको छ । संसार सागरबाट उत्तीर्ण हुनलाई नभई नहुने विभिन्न समस्याहरूलाई प्रश्न उत्तरको माध्यमबाट समाधान गरी देखाइएको पाइन्छ । चित्त स्वभावले अत्यन्त निर्मल तर आगन्तुक आरम्मणले गर्दा रंगीवीरंगी गरिनेलाई राम्ररी स्पष्टसँग देखाइएको छ ।

विनाहेतु वा कारणले केही पनि हुँदैन, सम्बन्धित कारणले गरेरमात्र फल उत्पन्न हुन्छ भनी देखाइएको गम्भीर ग्रन्थ हो प√ान (सातौं र अन्तिम ग्रन्थ) । बुद्धत्व प्राप्तिपश्चात् चौथो सप्ताह रत्नाघर चैत्यमा सात दिन सात रातसम्म अभिधर्मको सातै वटा प्रकरणहरू प्रत्यवेक्षण गरे र प√ानको प्रत्यवेक्षणपश्चात उनको शरीरबाट छ वर्ण रश्मी प्रकट भयो । हेतुपच्चयो, आरम्मणपच्चयो, अधिपतिपच्चयो आदि २४ प√ानको विस्तृत व्याख्या । हेतु प्रत्यय भनेको हेतुले हेतु सम्प्रयुक्त धर्महरूलाई र उक्त उत्पन्न रूपहरूलाई हेतु प्रत्ययले मद्दत गरिने हो । अलोभ, अदोष, अमोह गरी कुशल हेतु तीन प्रकारका हुन्छन् भने लोभ, दोष, मोह गरी अकुशल हेतु पनि तीन प्रकारकै हुन्छन् ।

नेपालमा अभिधर्म पिटकको अवस्था

नेपालमा अभिधर्म पिटकका थुप्रै अनुवाद भइसकेका ग्रन्थहरू छन् । त्यसमा धम्मसंगणी, धातुकथा, पुग्गलपञ्ञत्ति, यमक र प√ान (दुई भाषामा) छन् भने अब अनुवाद हुन बाँकी दुई विभंग र पाँच कथावत्थुमात्र छन् । मूल अभिधर्मको अध्ययन अगाडि अभिधम्मत्थसंगह अध्ययन गरिने विश्वव्यापी चलन रहेको छ ।

अभिधम्म+अत्थ+संग हो = अभिधर्म+अर्थ+संग्रह (अभिधर्मार्थ संग्रह) भित्र नौ वटा कण्ड (काण्ड) छन् । चित्तकण्ड (८९ र १२१ चित्त विवरण), चेतसिक (चैतसिक) कण्ड (५२ चैतसिक विवरण), पकिण्णक (प्रकीर्णक) कण्ड (वेदना आदि संग्रह विवरण), वीथिकण्ड (चित्तको मार्ग, तरिका विवरण), वीथिमुत्त (विथिमुक्त) कण्ड (भूमि आदि विवरण), रूपकण्ड (२८ रूपको विवरण), समुच्चयकण्ड (अकुशल आदि विवरण), पच्चय (प्रत्यय) कण्ड (प्रतीत्यसमुत्पाद विवरण) र कम्म√ान (कर्मस्थान) कण्ड (समथ विपस्सना विवरण) हुन् । यस ग्रन्थका मूल लेखक आचार्य अनुरुद्ध (चौथो, पाँचौं शताब्दीका) हुन् । उनी आचार्य बुद्धघोषका समकालीन मानिन्छन् । यस ग्रन्थ नेपालमा नेपाल भाषा र नेपालीमा पनि प्राप्य छन् । यसको विस्तृत अनुवाद भिक्षु बुद्धघोष महास्थवीर र भिक्षु ज्ञानपूर्णिक महास्थवीरले गरेका छन् भने संक्षिप्त अनुवाद- धम्मवती गुरुमाँबाट भएको छ । यसैगरी अभिधर्मको सातै ग्रन्थहरूको परिचयका साथ अभिधम्म स्मारिका पनि प्रकाशित भएको पाइन्छ । यसरी नेपालमा अभिधर्म ग्रन्थको उपलब्धता रहेको छ र यसबाट अधिकभन्दा अधिक लाभ लिन सक्नुपर्ने देखिन्छ । *रासस*

*(लेखक त्रिविविका पूर्वसहप्राध्यापक हुन्)*

# प्रकृति टाढिँदा अस्तित्वको लडाइँमा लोपोन्मुख-सीमान्तकृत आदिवासी

■ अञ्जली थापा



**हेटौँडा–** घर नजिकैबाट खोला बग्छ तर मकवानपुरका बोटे समुदायले जाल हान्न पाउँदैनन् । घरको छेवैमा अम्रेसो छ तर वनकरियाले आफ्नो रैथाने पेसा कुचो बनाएर बेच्न पाउँदैनन् । चेपाङ समुदायमा दाइजोमा नै पाएको चिउरी फुल्छ तर फल लाग्दैन । यी समस्याहरू मकवानपुरका आदिवासी जनजाति, सीमान्तकृत र लोपोन्मुख समुदायको हो, जसको प्रथाजनिक अभ्यास जीवनशैली नै जल र जङ्गलसँग जोडिएको छ ।

यी समुदायलाई समस्या थाहा छ तर कारणबारे भने अगुवाहरूबाहेकका सदस्यहरू अनविज्ञ छन् । नदी, वन र पहाडसँग गहिरो सम्बन्ध गाँसेर पुस्तौँदेखि प्रकृतिसँग सहअस्तित्वमा बाँचेका समुदायहरू आज विकासको बदलिँदो स्वरूप, संरक्षण नीतिको कठोरता र जलवायु परिवर्तनको असरको दोहोरो-तेहोरो दबाबमा भएको अगुवाहरूको बुझाइ छ । उहाँहरूको परम्परागत ज्ञान, पुर्खौंदेखि हस्तान्तरण हुँदै आएको जीवनपद्धति, सांस्कृतिक अभ्यास र जीविकोपार्जनका आधारहरू क्रमशः कमजोर बन्दै गएका छन् ।

## आदिवासीको संस्कृति र सङ्घर्ष

मकवानपुर तराई, चुरे र महाभारत शृङ्खलाको सङ्गमस्थलका रूपमा यो जिल्ला जैविक विविधता र सांस्कृतिक विविधताको धनी छ । यही भूगोलमा चेपाङ, बोटे, तामाङ, वनकरियालगायत आदिवासी समुदायले आफ्नै मौलिक जीवनशैली, संस्कृति र प्राकृतिक स्रोतसँग जोडिएको जीवनपद्धति विकास गरेका छन् । नदी किनारमा बसोबास गर्ने बोटे समुदायको जीवन नदीसँग गाँसिएको छ भने वनक्षेत्रमा बसोबास गर्ने चेपाङ, तामाङ र वनकरिया समुदायको जीवन वन, जमिन र मौसमी चक्रसँग जोडिएको छ ।

## नदी र बोटेको सम्बन्ध टुट्दै

बोटे समुदायको परम्परागत पेसा माछा मार्ने, डुङ्गा चलाउने, नदी पार गराउने र नदी किनारका स्रोतहरूको उपयोगमा आधारित थियो । नदीसँग जोडिएका यी कार्य उनीहरूको आयस्रोत मात्र होइन, संस्कार, संस्कृति र सामुदायिक पहिचानको केन्द्र नै थियो । जन्मदेखि मृत्युसम्मका धेरै संस्कारमा माछा र नदीसँग जोडिएका सांस्कृतिक अभ्यासहरू समावेश थिए ।

कान्छीमाया बोटे भन्छन्, 'पहिले नदीले नै हाम्रो घर चल्थ्यो । माछा मारेर, डुङ्गा चलाएर, नदी किनारका स्रोत प्रयोग गरेर जीवन सहज चल्थ्यो । अहिले खोला हाम्रो अगाडि छ, तर त्यसबाट जीवन चलाउन पाइँदैन ।' राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र नदीजन्य स्रोतको उपयोगमा कडाइ गरिँदा बोटे समुदायको पुस्तौँदेखिको पेसा नै सङ्कटमा परेको बोटेको भनाइ छ ।

'नदीमा जाल हाल्न नपाउने, माछा मार्न रोक लगाइने र वन क्षेत्रमा पहुँच सीमित हुँदा समुदाय मजदुरी, इँटाभट्टा, अस्थायी रोजगारी र वैकल्पिक आयस्रोत खोज्न बाध्य भएका छौँ,' उनले भने, 'माछा बिना हाम्रो संस्कारै रोकिन्छ । जन्मदेखि मृत्युसंस्कारसम्म हाम्रो जीवन नदी र माछासँग गाँसिएको छ । नदीबाट टाढा हुनु भनेको आफ्नो पहिचानबाट टाढा हुनु हो ।' उनका स्वरमा केवल आर्थिक सङ्कट होइन, अस्तित्वको चिन्ता पनि मिसिएको छ ।

## बदलिँदो मौसमले चेपाङमाथि थपिएको चुनौती

मकवानपुरको पश्चिमी भेगमा बसोबास गर्ने चेपाङ समुदायको कथाव्यथा पनि उस्तै छ । नेपालको अत्यन्त सीमान्तकृत आदिवासी समुदायमध्ये एक चेपाङ समुदायको जीवन खोरिया खेती, कन्दमूल सङ्कलन, चिउरी, मौरीपालन, वनजन्य खाद्य पदार्थ र स्थानीय सीपमा आधारित छ ।

संविधानसभा सदस्य गोविन्दराम चेपाङका अनुसार चेपाङ समुदायमा छोरीको विवाहमा चिउरीको रूख दाइजो दिने परम्परा आज पनि कतिपय ठाउँमा जीवित छ । चेपाङ भन्छन्, 'चिउरी हाम्रो समुदायका लागि रूख मात्र होइन, जीवनचक्रसँग जोडिएको सम्पत्ति हो । यसको फल खान, बीउबाट तेल निकाल्न, पशुलाई घाँस दिन, मौरीपालन गर्न र घरायसी आवश्यकतामा प्रयोग गरिन्थ्यो । छोरीलाई चिउरी दिनु भनेको उसलाई जीवनको आधार दिनु हो ।' तर पछिल्ला वर्षहरूमा चिउरीले फल कम दिन थालेको, फूल लागे पनि दाना नबस्ने र फलको चक्र अनियमित हुने समस्या बढेको उनी बताउँछन् । स्थानीय बूढापाकाका अनुभवमा मौसमको चक्र बिग्रँदा वनस्पतिको जीवनचक्रमै परिवर्तन आएको छ ।

जलवायु परिवर्तनका कारण यही आधार क्रमशः कमजोर बन्दै गएको छ । वर्षात्को समय अनिश्चित बन्दै गएको छ, कहिले अत्यधिक वर्षा भएर पहिरो र भूक्षय निम्त्याउने, कहिले लामो समयसम्म पानी नपर्दा खेत बाँझिने अवस्था बढेको छ । पहाडका धेरै मुहानहरू सुक्दै गएका छन् । चरन क्षेत्र घट्दा पशुपालन कठिन बनेको छ भने डढेलो र वन विनाशका कारण वनजन्य स्रोतको उपलब्धता पनि कम भएको छ ।

मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी तामाङ भन्छन्, 'पहिले प्रकृतिको सङ्केत हेरेर खेतीको योजना बनाउन सकिन्थ्यो । अहिले मौसमको भर छैन । बीउ छरेको बेला पानी पर्दैन, बाली पाक्न लाग्दा असिना पर्छ, कहिले खडेरी त कहिले बाढी आउँछ । यसले हाम्रो ज्ञान प्रणालीमाथि नै चुनौती खडा गरेको छ ।' उहाँको अनुसार स्थानीय सरकारलाई प्रभावकारी कृषि कार्यक्रम ल्याउनसमेत समस्या भएको छ । बदलिँदो मौसमको असर कृषि उत्पादनमा मात्र सीमित छैन ।

परम्परागत खाद्य प्रणाली, सामुदायिक श्रम आदानप्रदान, स्थानीय पर्व-संस्कार र प्रकृतिसँग जोडिएका सांस्कृतिक अभ्यासहरू पनि क्रमशः प्रभावित हुँदै गएका छन् । उनको अनुसार अगुवाहरूका अनुसार, पहिले मौसमको चक्र अनुमान गर्न सजिलो हुन्थ्यो । कहिले रोपाइँ गर्ने, कहिले बाली भित्राउने, कहिले घाँस सङ्कलन गर्ने भन्ने ज्ञान पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको थियो । तर अहिले त्यो परम्परागत मौसम-ज्ञान प्रणाली नै अस्थिर बन्दै गएको छ ।

## वनकरियाको स्मृतिमा वन

वनकरिया समुदाय नेपालको अत्यन्त सानो र ऐतिहासिक आदिवासी समुदायमध्ये एक हो । विसं जङ्गलमै फिरन्ते जीवन बिताउने यो समुदायको जीवन जङ्गलको चक्रसँगै चल्थ्यो । केराको पात र प्राकृतिक सामग्रीबाट बनाइने अस्थायी बासस्थान, कन्दमूलमा आधारित भोजन, जडीबुटीमा आधारित उपचार प्रणाली, वनस्पति चिन्न सक्ने अद्भुत ज्ञान र जङ्गलका स्रोतको सन्तुलित उपयोग उनीहरूको जीवनशैलीको अभिन्न हिस्सा थियो ।

आज उनीहरू क्रमशः स्थायी बस्तीमा बसोबास गर्न थालेका छन् । शिक्षा, स्वास्थ्य, आवास र सामाजिक पहुँचका दृष्टिले केही सकारात्मक परिवर्तन आए पनि उनीहरूको परम्परागत ज्ञान र अभ्यास हराउँदै जान थालेको छ । वनकरिया समुदायकी सुन्तली वनकरिया भन्छिन्, 'जंगल मै जन्मियौँ, जङ्गल मै हुर्कियौँ, जंगल मै जीवन सिक्यौँ । अहिले बस्तीमा छौं, घर पनि छ, सुविधा पनि केही आएको छ, तर मन भने अझै जंगल मै अडिएको छ । जंगल सँगको त्यो सम्बन्ध कमजोर हुँदै जाँदा आफूभित्रको केही कुरा हराएजस्तो लाग्छ ।'

पहिले कुन जडीबुटी कुन रोगमा प्रयोग गर्ने, कुन मौसममा कुन कन्दमूल संकलन गर्ने, कुन वनस्पति खाद्य र कुन औषधीय हो भन्ने ज्ञान समुदायभित्रै पुस्तान्तरण हुँदै आएको सुन्तलीले बताइन् । अहिले नयाँ पुस्ता विद्यालय र बजारमुखी जीवनतर्फ जाँदा त्यो ज्ञान हस्तान्तरण कमजोर बन्दै गएको छ ।

## संस्कृति मात्र होइन प्रथाजनिक अभ्यास

आदिवासी जनजाति महिला महासंघकी निवर्तमान केन्द्रीय अध्यक्ष निमी शेर्पाका अनुसार आदिवासी समुदायका प्रथाजनिक अभ्यासलाई केवल परम्परा वा सांस्कृतिक अभ्यासका रूपमा बुझ्नु पर्याप्त हुँदैन । यी अभ्यासले तीन महत्त्वपूर्ण भूमिका खेल्छन् । पहिलो, जीविकोपार्जनको आधार निर्माण गर्छन् । दोस्रो, सांस्कृतिक पहिचान र सामाजिक निरन्तरता जोगाउँछन् । तेस्रो, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र जलवायु अनुकूलनमा व्यवहारिक योगदान पुऱ्याउँछन् ।

अध्यक्ष शेर्पा भन्छन्, 'चेपाङ समुदायको खोरिया खेती प्रणालीलाई केवल परम्परागत खेती भनेर हेर्न मिल्दैन । यो जैविक विविधता, स्थानीय बीउ संरक्षण र बहुवाली प्रणालीसँग जोडिएको ज्ञान हो । बोटे समुदायको नदी व्यवस्थापन अभ्यास जलचर प्रणालीसँग सहअस्तित्वको अभ्यास हो । वनकरिया समुदायको वन-ज्ञान औषधीय वनस्पति संरक्षणको जीवित भण्डार हो ।'

अहिले यी अभ्यासहरू एकैसाथ दुई किसिमको दबाबमा छन्, एकातिर जलवायु परिवर्तन, अर्कोतिर नीतिगत असन्तुलन । 'अनियमित वर्षाले खेतीको चक्र बिगारेको छ । लामो खडेरीले पानीका मुहान सुकाएको छ । डढेलो र वन विनाशले वनजन्य स्रोत घटाएको छ । वनस्पति र जडीबुटीको उत्पादन घट्दा परम्परागत उपचार प्रणाली कमजोर बनेको छ । चरन क्षेत्र खुम्चिँदा पशुपालन प्रभावित भएको छ । यी सबैको असर सिधै समुदायको जीवन र ज्ञान प्रणालीमा परेको छ', उनले भने ।

अन्तरराष्ट्रिय महासंन्धिले दिएको अधिकार पनि ऐन नबन्दा समस्या वन तथा वातावरण मन्त्रालयका पूर्व उपसचिव एवं वन, वातावरणविज्ञ डा सिन्धु ढुंगानाले अन्तरराष्ट्रिय सन्धि र संविधानले आदिवासी जनजाती समुदायलाई भूमि र जीविकोपार्जनको लागि विशेष अधिकार दिएको भए पनि नेपालमा सबैलाई व्यवहार हुनेगरी ऐन बन्दा वन र नदिमा नै जीविकोपार्जन गर्ने समुदायलाई असर पर्न गएको बताए ।

शेर्पाले भने, 'जलवायुको असर सबैलाई पर्ने हो, बराबर नै हो तर जुन समुदायको जीवन नै वन र नदीबाट चल्छ ती समुदायले त्यसमा अधिकार नपाउँदा समस्या पर्न गएको छ । आदिवासी जनजातिको प्रथाजनिक अभ्यासले विनास नगर्ने र संरक्षण गर्ने भए पनि ऐन कार्यान्वयनमा एकरूपता भएको छैन । उनीहरूलाई विषेश अधिकारको व्यवस्था गर्नुपर्छ ।' उनका अनुसार ऐनमा नै आदिवासी जनजात शब्द उल्लेख नभएको र संरक्षण नीति कार्यान्वयन गर्दा जिविकोपार्जनमा समस्या पर्न गएको हो ।

डा ढुङ्गानाले विश्वभरीको आदिवासी जनजातिलाई जलवायु परिवर्तनको असर परेको उल्लेख भए पनि नेपालमा भने नीतिगत समस्या भएको बताउनुभयो । उनको अनुसार आदिवासीको प्रथाजनिक अभ्यासले जैविक विविधतामा असर नपार्ने भए पनि विशेष अधिकारको व्यबस्था गर्न नसक्दा यो समुदायलाई मर्का परेको बताउँदै अन्तराष्ट्रिय रूपमा उक्त समुदायको विषयमा वकालत गरिरहेको जनाए ।

संरक्षणका लागि लागू गरिएका कानुनी व्यवस्थाले स्थानीय समुदायको दैनिकीमा असर पार्न थालेपछि द्वन्द्व बढ्दो देखिएको छ । विशेषगरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६ ले परम्परागत रूपमा जङ्गल र नदीमा निर्भर समुदायलाई विभिन्न प्रतिबन्ध लगाएको उनको भनाइ छ ।

## संरक्षण नीति र समुदायबीच बढ्दो दूरी

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका वरिष्ठ उपाध्यक्ष बिर्षबहादुर शाहीले सन् २०२० मा जैविक विविधता संरक्षणमा गएिको अध्ययनअनुसार ८० प्रतिशत योगदान आदिवासी जनजाति र स्थानीय समुदायको रहेको भए पनि नेपालमा भने उक्त समुदायको प्रथाजनिक अभ्यास र थाकथलो नै छाड्नेसम्मको असर पर्नेपरी वन ऐन र राष्ट्रिय निकुञ्ज ऐन बनेकाले समस्या भएको बताए । उनका अनुसार उक्त ऐनमा व्यवस्था भएअनुसार निकुञ्जको सीमाभित्र पर्ने वा छेउछाउमा भएका वनबाट कन्दमुल, जडीबुटीलगायत कुनै पनि बस्नु निकाल्न नपाउने र नदीमा माछा मार्न नपाउने व्यवस्था रहेको छ ।

उपाध्यक्ष शाहीका अनुसार संरक्षणका लागि लागू गरिएका कानुनी व्यवस्थाले स्थानीय समुदायको दैनिकीमा असर पार्न थालेपछि द्वन्द्व बढ्दो देखिएको छ । उनले भने, 'विशेषगरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६ ले परम्परागत रूपमा जङ्गल र नदीमा निर्भर समुदायलाई विभिन्न प्रतिबन्ध लगाएको छ ।' उनको अनुसार यी ऐन लागू भएपछि घाँस, दाउरा संकलन तथा माछा मार्नेजस्ता गतिविधिमा रोक लाग्दा बोटेलगायतका समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर परेको स्थानीय हो ।

नेपालमा वन संरक्षण, राष्ट्रिय निकुञ्ज व्यवस्थापन र जलाधार संरक्षणका नाममा लागू भएका नीतिहरूले जैविक विविधता जोगाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । तर यही नीतिको कार्यान्वयनले स्थानीय आदिवासी समुदायको परम्परागत जीवनशैली र पहुँचमा गम्भीर असर पारेको विषय पनि उत्तिकै उठिरहेको छ । मकवानपुरका बोटे समुदायका लागि नदी अब केवल प्राकृतिक स्रोत होइन, नियम र निषेधको क्षेत्र बनेको छ ।

मकवानपुर मनहरी-७ का स्थानीय युवा उमेश राईले भने, 'हामीले दैनिक आवश्यकको लागि चाहिले घाँस दाउरा र नदिका माछा पहिलेजस्तो स्वतन्त्र रूपमा स्रोत प्रयोग गर्न पाइँदैन, दैनिक गुजारा चलाउन गाह्रो भयो ।' थोरै भएको खेती वन्यजन्तुले नष्ट गरिदिन्छन् । घाँस दाउरा गर्न जाँदा पनि वन्यजन्तुको आक्रमणबाट ज्यान गुमाउनुपर्छ र अन्यत्र जानसक्ने अवस्था छैन ।

## वैकल्पिक अभ्यास र बदलिँदो जीवन

यी चुनौतीका बीच पनि आदिवासी समुदायहरू पूर्णरूपमा निष्क्रिय छैनन् । उनीहरू बदलिँदो परिस्थितिसँग अनुकूलन गर्ने प्रयासमा छन् । चेपाङ समुदाय अहिले मौरीपालन, बाख्रापालन, तरकारीखेती र नगदे बालीतर्फ विस्तारै मोडिँदै गएको देखिन्छ । परम्परागत खोरियाखेती घट्दै गए पनि सामुदायिक वनबाट प्राप्त अवसरहरूलाई नयाँ रूपमा उपयोग गर्ने प्रयास भइरहेको छ । वनकरिया समुदायका केही सदस्यहरू साबुन उत्पादन, साना उद्यम, हस्तकला र स्थानीय बजारसँग जोडिने प्रयासमा छन् । यसले उनीहरूलाई नगद आयतर्फ उन्मुख गराए पनि परम्परागत वन-ज्ञानको अभ्यास भने क्रमशः कमजोर हुँदै गएको देखिन्छ ।

## स्थानीय ज्ञान र अनुकूलनको सम्भावना

यद्यपि केही सकारात्मक अभ्यासहरू अझै जीवित छन् । स्थानीय बीउ संरक्षण, सामुदायिक वन व्यवस्थापन, जैविकखेती, वर्षा पानी संकलन प्रणाली र परम्परागत मौसम सङ्केत प्रणाली अझै केही समुदायमा अभ्यास भइरहेका बागमती प्रदेशसभा सदस्य एवम् सामुदायिक वन उपभोक्ता महासंघकी अन्तरराष्ट्रिय अध्यक्ष भारती पाठकले बताइन् । उनले आदिवासी जनजातीको प्रथाजनिक अभ्यासहरूले बाह्य स्रोतमा निर्भरता घटाउँदै स्थानीयस्तरमै अनुकूलन क्षमता बढाउने सम्भावना रहेको उल्लेख गरिन् ।

स्थानीय ज्ञान प्रणालीलाई आधुनिक विज्ञानसँग जोडेर हेर्ने प्रयास अहिले विश्वव्यापी रूपमा पनि बढिरहेकाले त्यसलाई उपयोग गर्न सकिने उनको भनाइ छ । यद्यपि यी अभ्यासहरू अझै पनि नीति र योजनामा पर्याप्त रूपमा संस्थागत हुन सकेको छैन ।

यद्यपि सबै आदिवासीहरूको आवाज भने साझा छ : अस्तित्व, पहिचान र अधिकार । कान्छीमाया बोटे भन्छन्, 'हामीलाई विदेश जान बाध्य नबनाउनुस् । हाम्रो आफ्नै पहिचान छ । नदी बिना हामी मात्र होइन, हाम्रो संस्कार पनि अधुरो हुन्छ ।" मङ्गले चेपाङको अनुभव अझ गहिरो छ, "पहिले वन हाम्रो जीवन थियो, अहिले वनमा पनि अनुमति चाहिन्छ । खेतमा मौसम छैन । हामी कहाँ जाने ? हाम्रो ज्ञान र परम्परा कहाँ राख्ने ?'

वनकरिया समुदायकी सुन्तली वनकरिया फेरि भावुक हुँदै भन्छन्, 'जंगलबाट टाढा हुँदा शरीर त बाँच्दो रहेछ, तर मन भने अझै जंगल मै अड्किएको हुन्छ । त्यो सम्बन्ध टुटेपछि आफूभित्र केही हराएको जस्तो लाग्छ ।'

संविधानसभा सदस्य गोविन्दराम चेपाङका अनुसार आदिवासी समुदायका प्रथाजनिक अभ्यासहरू केवल सांस्कृतिक सम्पदा होइनन्, ती जलवायु समाधानका व्यवहारिक आधार पनि हुन् । चेपाङले भने, 'यदि हामीले आदिवासी ज्ञान, भूमि अधिकार र परम्परागत अभ्यासलाई बेवास्ता गऱ्यौ भने कुनै पनि संरक्षण कार्यक्रम दीगो हुन सक्दैन । संरक्षण केवल वन जोगाउने कुरा होइन, मानिस र प्रकृतिबीचको सम्बन्ध जोगाउने कुरा पनि हो ।' *रासस*

# घेदुङमा दलीयकरण अन्त्य गर्न सुझाव

**काठमाडा (प्रस)–** नेपाल तामाङ घेदुङको नेतृत्व चयनमा दलीयकरण अन्त्य हुनुपर्ने नागरिक समाजले सुझाव दिएका छन् । जेठ १-३ गतेसम्म स्वयम्भूमा हुन लागिएको दशौँ संघीय महाधिवेशनको सन्दर्भमा काठमाडौंको बौद्धस्थित उत्पला क्याफेमा आयोजित 'तामाङ समुदायको भावी नीति तथा नेतृत्व विषयक' छलफलमा नागरिक समाजले उक्त सुझाव दिएका हुन् ।



शनिबार ताम्सालिङ नागरिक समाजले आयोजना गरेको उक्त कार्यक्रममा सहभागी विज्ञ, बुद्धिजीवी, युवा तथा नेतृत्व तहका प्रतिनिधिले तामाङ घेदुङमा दलको एजेन्डा हावी भएको बताएका थिए । 'दलको एजेन्डा हावी हुनेरहेछ, खासमा हाम्रो एजेन्डा चाहि दललाई दिनुपर्नेमा उल्टो भयो,' घेदुङका अध्यक्ष मोहन गोले तामाङले आफ्नो १० वर्षे कार्यकालका उपलब्धि, चुनौती तथा उतारचढावबारे विस्तृत समीक्षा प्रस्तुत गर्दै भने, 'नीति नै बनाएर काम गरे पनि कार्यान्वयनको चरणमा जाँदा जटिल हुनेरहेछ ।'

कार्यक्रममा युवा अभियन्ता वाङ्जु बाइबा तामाङले घेदुङमा दलीयकरण हाबी हुने गरेकोले त्यो अन्त्य गर्नुपर्ने बताए । महाधिवेशनमा दलगत रूपमा भागबण्डा हुँदा नेतृत्वमा आउनेहरू मौन बस्ने सहभागीले बताए। यसका लागि दलीय गन्ध घेदुङमा देखिन नहुने उनको सुझाव थियो ।

कानुनी सल्लाहकारसमेत रहेका कुन्साङ योञ्जनले घेदुङको विधान संशोधन गरी कार्यकाल २ वर्षको बनाउनुपर्ने सुझाव दिए । यसअघि पदाधिकारीमात्र नेतृत्वमा जान पाउने व्यवस्था संशोधनकोसमेत माग उठेको छ ।

कार्यक्रमका अध्यक्ष डा. मुक्तसिंह थोकरले तामाङ समुदायको राजनीतिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक उन्नयनका लागि स्पष्ट नीति, दीर्घकालीन दृष्टिकोण र सक्षम नेतृत्व अपरिहार्य रहेको बताए । उनले आसन्न महाधिवेशनले समावेशी, पारदर्शी र दूरदर्शी नेतृत्व चयन गर्नुपर्नेमा विशेष जोड दिए ।

घेदुङले युवा नेतृत्व तयार गर्ने कार्यक्रमको खाका अघि बढाउनुपर्ने र दलको नीति घेदुङमा लाद्न नपाइने व्यवस्था गर्न सुझाए । 'हाम्रो नीति राजनीतिक दलले लिने हो, राजनीतिक दलको नीति यहाँ लाद्ने हैन,' डा थोकरले भने ।

# प्रभाव दैनिक





**सिताराम र रचनाको स्वरमा 'मुद्दा हालेर' सार्वजनिक**

गायक सिताराम पोखरेल र गायिका रचना रिमालको स्वर रहेको नयाँ गीत 'मुद्दा हालेर' सार्वजनिक भएको छ। समसामयिक कथावस्तु र मायाप्रेमका उतारचढावलाई समेटेर तयार पारिएको यो गीत 'विकल्प क्रिएशन' मार्फत बजारमा ल्याइएको हो। मुनाल शिशिर कोइरालाको शब्द तथा संगीत रहेको यस गीतमा प्रेममा आइपर्ने विभिन्न कठिन परिस्थिति, आपसी मतभेद र भोगाइहरूलाई आकर्षक ढंगबाट चित्रण गरिएको छ। लोक–आधुनिक शैलीको यस गीतले दर्शक तथा श्रोताको मन जित्नेमा निर्माण टिम निकै आशावादी देखिएको छ।





# 'कुम्भ'को एक्सन प्याक टिजर सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं** – डेब्यु अभिनेता अशोक आर्यन अभिनित फिल्म 'कुम्भ'को टिजर सार्वजनिक भएको छ। एक्सन-ड्रामामा आधारित यो फिल्म आगामी जेठ १५ गतेबाट देशभर प्रदर्शनमा आउने तयारीमा छ।

टिजर सार्वजनिक भएसँगै फिल्मप्रति दर्शकमाझ उत्सुकता बढेको छ। टिजरले फिल्मको डार्क, इन्टेन्स तथा एक्सन-ड्रिभेन टोन स्पष्ट झल्काउँछ। उत्कृस्ट ब्याकग्राउन्ड म्युजिक, आकर्षक सिनेम्याटोग्राफी र पात्रहरूको प्रस्तुतीले फिल्म ठूलो क्यानभासमा निर्माण गरिएको संकेत गर्छ।

फल्ममा अशोक आर्यन मुख्य भूमिकामा देखिएका छन्। उनका साथमा सुनिल थापा, सुशील पोखरेल, रोहित रुम्बा र सृष्टि खड्का, अफ्सना थापा लगायत कलाकारहरूको अभिनय रहेको छ। साथै, दक्षिण भारतीय अभिनेता सुरेन्द्र ठाकुरको उपस्थितिले फिल्मलाई अझ फराकिलो दर्शकसम्म पुऱ्याउने अपेक्षा गरिएको छ।

फिल्मका लेखक तथा निर्देशक रणधीर श्रेष्ठ हुन्। उनले गीतका शब्दसमेत लेखेका छन् भने संगीत अनुप तिवारीले दिएका छन्। ए रस प्रोडक्सनको ब्यानरमा निर्माण भएको सिनेमा 'कुम्भ' नेपाली र हिन्दी भाषामा प्रदर्शन गरिने छ। सिनेमाको छायांकन नेपाल र दक्षिण भारतका विभिन्न स्थानमा गरिएको छ।

यसअघि सार्वजनिक भएको गीत स्वर्गकी परीले पनि फिल्मप्रति राम्रो चर्चा बटुली सकेको छ। गीतमा अञ्जु पन्त र अनुप तिवारीको स्वर रहेको छ। भिडियोमा अशोक आर्यन र सृष्टि खड्काबीचको केमेस्ट्रीले दर्शकको ध्यान खिचेको थियो। आकर्षक लोकेसनमा छायांकन गरिएको उक्त गीतले फिल्ममा रोमान्टिक पाटो पनि सशक्त रहने संकेत गरेको छ।

छायांकन तथा सम्पादन स्वयं निर्देशक श्रेष्ठले गरेको सिनेमा संजय थापाको द्वन्द्व निर्देशन तथा निर्मातामा स्वयं निर्देशक श्रेष्ठ र राजेश साह अनि कार्यकारी निर्माता ईश्वर बल्लभ उप्रेती हुन्। सिनेमाको टिजर आरएए डिजिटल नेपालको आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ। एक्सन र रोमान्सको संयोजन बोकेको 'कुम्भ'ले नयाँ अनुहार र अनुभवी कलाकारको मिश्रणमार्फत नेपाली सिनेमा बजारमा फरक स्वाद प्रस्तुत गर्ने अपेक्षा गरिएको छ।

# ग्रामीण भेगको प्रेमकथा 'काजी'




**काठमाडौं (प्रस)**– अभिनेता विपिन कार्कीले आफ्नो आगामी चलचित्र 'काजी' देखाइएको प्रेम कथा भिन्न रहेको बताएका छन्।

आगामी जेठ ८ गतेदेखि प्रदर्शन हुने फिल्मको बारेमा सञ्चारकर्मीसँग कुराकानी गर्दै अभिनेता कार्कीले चलचित्रमा देखिएको ग्रामिण भेगको प्रेमकथा 'रोमियो जुलियट' र 'मुना मदन'जस्तै दीर्घकालसम्म सम्झिने खालको हुने विश्वास व्यक्त गरे।

उनले भने, 'हामीले काजी भन्नेबित्तिकै गाउँको मुखिया वा ठूलाबडालाई बुझ्छौं, तर मैले निर्वाह गरेको पात्र मायालु काजी हो। काजी परिवारबाट भएकाले मेरो पात्रलाई काजी भनिएको हो, तर यो प्रेममा काजीपन देखाउने पात्र हो। यो प्रेमिल जोडीको निस्वार्थ प्रेमको कथा हो। अहिलेको प्रविधिले धेरै कुरालाई सहज बनाएको समयमा काजीको प्रेमकथाले भावनात्मक रूपमा जोड्छ।'

चलचित्रका निर्देशक लक्ष्मण रिजालले चलचित्र 'कायरा' निर्देशन गरेको झन्डै आठ वर्षपछि चलचित्र 'काजी'मार्फत निर्देशनमा पुनः फर्किएको बताए। 'यसपटक मैले ग्रामीण परिवेशमा आधारित प्रेमकथा ल्याउँदैछु, जसले निस्वार्थ प्रेमलाई प्रस्तुत गर्छ। अहिलेको पुस्ताका लागि यो प्रेम कथा नयाँ हुनेमा विश्वस्त छु। प्रेमको नयाँ कथ्यशैली प्रस्तुत गर्ने कोसिस गरेको छु', निर्देशक रिजालले भने।

रिजाल एन्ड रिजाल प्रोडक्सनको प्रस्तुति रहेको उक्त चलचित्रलाई रामप्रसाद रिजालले निर्माण गर्नुभएको हो। उक्त चलचित्रमा अभिनेता कार्कीसँगै केकी अधिकारी, गरिमा शर्मा, हेमन्त बुढाथोकी, प्रकाश घिमिरे, विशाल पहारी, हिउँवाला गौतम, अनुराग कुँवर, सन्दीपबाबु लोहनी, विनोद न्यौपाने, रश्मि भट्ट, प्रीतिका शर्मा, प्रशंसा सुवेदीलगायतको अभिनय रहेको छ। प्रदीप भारद्वाजले पटकथा लेख्नुभएको उक्त चलचित्रमा चिन्तन राजभण्डारीले छायांकन निर्देशन, कालीप्रसाद बास्कोटाले संगीत सिर्जना, सुजिल कर्माचार्यले पार्श्व संगीत, कविराज गहतराजले नृत्य निर्देशन गरेका छन्।



**१० औं पिएम एनभिए कप**

# रुकुम पश्चिम र पुलिस च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं** – लिगचरणमा बेहोरेको बदला लिँदै रुकुम पश्चिम भलिबल केन्द्र र नेपाल पुलिस क्लब दशौं प्रधानमन्त्री कप महिला तथा पुरुष एनभिए लिगमा च्याम्पियन भएका छन्।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा शनिबार सम्पन्न फाइनलमा बदला लिँदै रुकुम पश्चिम पुरुषमा र पुलिस महिलामा च्याम्पियन भएका हुन्। महिलामा नेपाल पुलिसले न्यु डायमण्ड क्लबमाथि ३-१ को सेटमा रोमाञ्चक जितसँगै उपाधि उचाल्यो। पुरुषतर्फ फाइनलमा रुकुम पश्चिमले हेल्प नेपाल स्पोर्टस् क्लबलाई ३-० को सोझो सेटमा हरायो।

पुलिस र रुकुम पश्चिम दुवैले लिग चरणमा बेहोरेको हारको बदला लिएका हुन्। लिगको अन्तिम खेलमा शुक्रबार न्यु डायमण्डले पुलिसमाथि ३-२ को सेटमा जितसँगै अपराजित हुँदै उपाधि भिडन्त गरेको थियो। रुकुम पश्चिम भने लिगमा हेल्प नेपालसँग ३-० को सोझो सेटमा पराजित भएको थियो।

महिलाको फाइनलमा मिडल ब्लक सुमित्रा रेग्मी र ओपन स्पाइकर जेनिसा विश्वकर्मा पनि चल्न सकेनन्। रिसिभ पनि राम्रो गर्न नसक्दा च्याम्पियन भएर काभा महिला क्लब च्याम्पियनसिप खेल्ने न्यु डायमण्डको लक्ष्य पूरा भएन। च्याम्पियन पुलिसले तेस्रोपल्ट च्याम्पियन हुने लक्ष्यसहित काभा क्लब च्याम्पियनसिपका लागि पनि छनोट भएको छ।

पुनम चन्दको स्थानमा अवसर पाएकी लक्ष्मी चन्दले उत्कृष्ट प्रदर्शन गर्दै पुलिसले सफलता पायो। रिसिभमा पनि धेरै सुधार गरेपछि पुलिसलाई न्यु डायमण्डमाथि बदला लियो। पुलिसले पहिलो सेट २५-२१ ले आफ्नो बनायो तर न्यु डायमण्डले दोस्रो सेट २५-१६ ले जित्दै पुनरागमनको संकेत गऱ्यो।

तेस्रो सेट भने निकै प्रतिस्पर्धात्मक बन्यो। यो सेट अन्ततः पुलिसले २५-२३ ले जित्दै फेरि अग्रता लियो। चौथो सेटमा १८-१८ स्थितिसम्म पुलिसले चुनौती दियो। यसपछि न्यु डायमण्ड समालिन सकेन र यो सेट २५-१९ ले गुमाउँदै उपाधिबाट पनि वञ्चित भयो। पुलिस चौथोपल्ट च्याम्पियन भएको हो।

पुरुषतर्फको फाइनल पनि रोमाञ्चक बन्यो। रुकुम पश्चिम र हेल्प नेपाल दुवैले तीनजना विदेशी खेलाडी अनुबन्ध गरेका थिए। लिगमा रुकुम पश्चिमले राम्रो गर्न सकेन तर फाइनलमा भने उत्कृष्ट प्रदर्शन गऱ्यो र पहिलोपल्ट च्याम्पियन पनि भयो।

रुकुम पश्चिम भलिबल केन्द्रले हेल्प नेपाल स्पोर्टस् क्लबलाई पहिलो सेट २९-२७, दोस्रो सेट २५-२१ र तेस्रो सेट ३२-३० को रोमाञ्चक रूपमा हरायो। महिलामा विजेता पुलिसले र पुरुषमा विजेताले १० लाख रूपैयाँ र ट्रफी प्राप्त गरे। महिलामा उपविजेता न्यु डायमण्ड र पुरुषमा उपविजेता हेल्प नेपाल स्पोर्टस् क्लबले समान पाँच लाख रूपैयाँ पाए। एभरेष्ट महिला भलिबल क्लब र पुरुषमा नेपाल पुलिस क्लब तेस्रो भए। दुवैले दुई लाख ५० हजार रूपैयाँ प्राप्त गरे।

नेपाल भलिबल संघ (एनभिए) को आयोजना भएको एनभिए लिगमा महिलातर्फ ६ र पुरुषमा आठ टोलीले प्रतिस्पर्धा गरेका थिए। गत पुसमा सम्पन्न एनभिए महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपबाट छनोट भएका कुल १४ टोलीले यस लिगमा प्रतिस्पर्धा गरेका हुन्। पुरुषमा हेल्प नेपाल, आर्मी क्लब, लुम्बिनीको खिल्जीसँगै नेपाल पुलिस क्लब, एपिएफ, पश्चिम रुकुम भलिबल टिम, कोसी प्रदेश र बूढानीलकण्ठले प्रतिस्पर्धा गरेका थिए।

महिलामा भने न्यु डायमण्ड युथ स्पोर्सटस् क्लब, पुलिस, एपिएफ, सुदूरपश्चिम प्रदेश, एभरेष्ट र आर्मी क्लबको प्रतिस्पर्धा रह्यो।

**दोश्रो पुष्पराज स्मृति राष्ट्रिय खुला टेबलटेनिस**

# संयोग र नविता च्याम्पियन

■ प्रभाव संवाददाता



**काठमाडौं** – संयोग कपाली र नविता श्रेष्ठ दोश्रो पुष्पराज स्मृति राष्ट्रिय खुला टेबलटेनिस प्रतियोगिताको खुला सिंगल्समा शनिबार च्याम्पियन बनेका छन्। संयोग पुरुष तथा नविता महिलामा च्याम्पियन बने। दुवै नेपाल प्रहरीका हुन्।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको पुरुष फाइनलमा संयोगले एभीएमका रुविन महर्जनलाई ८-११, १७-१५, ११-९, ६-११ र ११-९ को सेटमा पराजित गरे। प्रहरीका गनञ्जय दाहाल र भिजन टेबलटेनिस एकेडेमीका हिमाल विष्ट तेस्रो भए।

ललितपुर महानगरपालिका वडा ११ को मुख्य प्रायोजनमा खोल्चा पुखु खेलकुद उपसमितिद्वारा आयोजित प्रतियोगिताको महिला सिंगल्समा ९ पटककी राष्ट्रिय च्याम्पियन नविताले एभीएमकी इभाना थापालाई ११-८, १२-१४, ११-६, ७-११ र १५-१३ ले हराइन्। एभीएमकी वियंका राई र भिजनकी योङगी पौडेल तेस्रो बने।

भेट्रान ४० वर्षमाथि पुरुष सिंगल्समा काठमाडौं महानगरपालिका वडा २५ का महेश श्रेष्ठ पहिलो, एभीएमका राजकुमार शाही दोस्रो तथा इखाछेनका मुकेश महर्जन र काठमाडौंका उमेश मानन्धर तेस्रो बने।

५० वर्षमाथि पुरुष सिंगल्समा एभीएमका जय महर्जनले स्वर्ण, नक्सालका रक्त मानन्धरले रजत तथा खोल्चा पुखुका नदिमरत्न शाक्य र इखाछेनका राजेन्द्र वज्राचार्यले कांस्य जिते।

ललितपुर जिल्ला टेबलटेनिस संघको सहयोग तथा स्पिन इभेन्ट्स प्रालिको व्यवस्थापनमा भएको प्रतियोगिताको भेट्रान ६० वर्षमाथि पुरुष सिंगल्समा काठमाडौं २ का अशोक शर्मा प्रथम, होप्सका राजन सुब्बा द्वितीय तथा खोल्चा पुखुका प्रकाश धाक्वा र इखाछेनका शरद्मान श्रेष्ठ तृतीय भए।

यू-१६ मिक्स युथमा एभीएमका आरभ मल्ल, इखाछेनका सोयम महर्जन, इखाछेनका सुप्रिन्स महर्जन र खोल्चा पुखुका निर्भिक शाक्य क्रमशः शीर्ष ३ स्थानमा रहे। यो स्पर्धामा ललितपुर महानगरपालिका वडा ११ का प्रतिस्पर्धी मात्र सहमागी थिए।

विजेतालाई ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन, ललितपुर महानगरपालिका वडा ११ का अध्यक्ष अरोजकुमार खड्गी, अखिल नेपाल टेबलटेनिस संघका उपाध्यक्ष पूर्णशंकर श्रेष्ठ, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका सदस्य रवि महर्जन, टेबलटेनिसका मुख्य प्रशिक्षक मोहनदास बासुकलालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

दुईदिने प्रतियोगितामा २ सय खेलाडीले विभिन्न ६ स्पर्धा प्रतिस्पर्धा गरेका थिए। सबै स्पर्धामा पदक जित्नेलाई कुल २ लाख रूपैयाँ नगद पुरस्कार वितरण गरिएको थियो।

# राजन र सुनमायालाई चाँगुनारायण ट्रेल रन उपाधि

**काठमाडौं (प्रस)**– नेपाल आर्मीका राजन रोकाय र जुम्लाकी सुनमाया बुढाले चाँगुनारायण राष्ट्रिय ट्रेल रन २०८३ को उपाधि जितेका छन्। नेपाल एडभेन्चर रनिङ महासंघ (एनएआरएफ) को आयोजनामा शनिबार भक्तपुरको चाँगुनारायणमा भएको ट्रेल रनको खुला ३६ किमीमा पुरुषतर्फ राजन र महिलातर्फ सुनमाया च्याम्पियन बनेका हुन्।

राजनले निर्धारित दूरी २ घण्टा ६ मिनेट २३ सेकेण्डमा पूरा गरे। यस्तै ताप्लेजुङका रमेश लिम्बुले २ घण्टा ७ मिनेट ३० मिनेटमा दूरी पूरा गर्दै दोस्रो स्थानमा रहे। नेपाल आर्मीका गोलपाल तामाङ तेस्रो भए। उनले २ घण्टा ७ मिनेट ४२ सेकेण्डमा निर्धारित दूरी पूरा गरे।

यस्तै नेपाल आर्मीका गजेन्द्र राई चौथो, प्रवल क्षेत्री पाँचौ, राजेन्द्र तामाङ छैटौं, तिलक बहादुर सुनार सातौं, विरेन्द्र पाण्डे आठौं, विशाल नवौं र रिखुलाल सिन्जाली मगर दशौं भए।

यसैगरी खुला महिलातर्फ विजेता सुनमाया बुढाले निर्धारित दूरी २ घण्टा २७ मिनेट १४ सेकेण्डा पूरा गरिन्। सुनसरी रोकाया दोस्रो र निर्मला राई तेस्रो भए। सुनसरीले २ घण्टा ४४ मिनेट ५३ सेकेण्ड तथा निर्मलाले २ घण्टा ४६ मिनेट २९ सेकेण्डमा दूरी पूरा गरे।

महिलातर्फ एलिस विसकेफ चौथो, आङ फुर्बा शेर्पा पाँचौ, काब्या रावल छैटौं, सपना गुरुङ सातौं, शासा श्रेष्ठ आठौं, मुना लिम्बु नवौं र शारदा राई दशौं भए।

जुनियर यू-२०को ७ किमी दूरीको पुरुषतर्फ उत्तम तामाङ २१ मिनेट ०९ सेकेण्डमा समय निकाल्दै पहिलो भए। सुसन लामिछाने दोस्रो र खकेन्द्र शर्मा तेस्रो भए। सुसनले २१ मसनेट १५ सेकेण्ड तथा खकेन्द्रले २१ मिनेट १९ सेकेण्डमा दूरी पूरा गरे।

७ किमी महिलातर्फ शर्मिला गैरे पहिलो भइन्। शर्मिलाले २७ मिनेट १९ सेकेण्डमा दूरी पूरा गरिन्। गीता नेपाली दोस्रो र मनिषा तामाङ तेस्रो भए। गीताले २७ मिनेट ४८ सेकेण्ड र मनिषाले २८ मिनेट २८ सेकेण्डमा पूरा गरिन्। गीताको नतिजा प्राविधिक कारणले स्थगित गरिएको संघले जनाएको छ। खुल्ला ३६ किमि महिला तथा पुरुषतर्फ विजेताले १ लाख रूपैयाँ, दोस्रोले ७५ हजार र तेस्रोले ५० हजार रूपैयाँ पुरस्कार प्राप्त गरे।

# रुस र इरानबीच क्षेत्रीय शान्तिबारे उच्चस्तरीय वार्ता



**मस्को–** रुसका विदेशमन्त्री सर्गेई लाभ्रोभ र इरानका विदेशमन्त्री सैयद अब्बास अराघ्चीबीच टेलिफोन वार्ता भएको छ। उक्त वार्तामा दुवै पक्षले इरानको आणविक कार्यक्रम तथा मध्यपूर्वको समग्र सुरक्षा अवस्थाबारे विचार आदान-प्रदान गरेका छन्।

रुसको विदेश मन्त्रालयका अनुसार, छलफलमा क्षेत्रीय अवस्थाको वर्तमान विकासक्रम र बढ्दो तनावलाई शान्तिपूर्ण रूपमा समाधान गर्ने सम्भावनाबारे गम्भीर र रचनात्मक संवाद भएको थियो। दुवै मन्त्रीले द्वन्द्वको चाँडो अन्त्य र क्षेत्रीय स्थायित्व कायम गर्न आवश्यक कूटनीतिक प्रयासहरूको महत्त्वमा जोड दिए।

रुसी पक्षले मध्यस्थता तथा कूटनीतिक पहलहरूलाई निरन्तर समर्थन गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै, सबै पक्षलाई संवाद र समझदारीमार्फत समाधान खोज्न प्रोत्साहित गरेको छ। साथै, दीर्घकालीन शान्ति र स्थिरता कायम गर्न राजनीतिक प्रक्रियालाई अघि बढाउन सहयोग गर्ने तयारी पनि व्यक्त गरिएको छ।

वार्तामा अन्तर्राष्ट्रिय समुद्री मार्गहरूको सुरक्षित सञ्चालन, विशेषगरी होर्मुज जलडमरू हुँदै रुसका जहाज तथा मालसामानको सुरक्षित आवागमन सुनिश्चित गर्ने विषयमा पनि सौहार्द्रपूर्ण छलफल भएको जनाइएको छ। दुवै पक्षले यस विषयलाई अन्तर्राष्ट्रिय व्यापार र ऊर्जा आपूर्तिका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानेका छन्। यो संवादलाई दुवै देशबीचको निरन्तर कूटनीतिक सम्पर्क र क्षेत्रीय शान्ति तथा स्थिरताप्रति साझा प्रतिबद्धताको सकारात्मक संकेतका रूपमा लिइएको छ। *रासस/सिन्ह्वा*



जर्मनीको फ्रान्कफर्टमा रहेको बैंकिङ जिल्लाका भवनहरू पछाडि शुक्रबार उदाउँदै गरेको जून। *तस्बिर: एपी*

# पाकिस्तानमा महँगीको असर गहिरिँदै, अप्रिलमा मुद्रास्फीति उच्च

**इस्लामाबाद–** पाकिस्तानमा वस्तु तथा सेवाको मूल्यमा भएको वृद्धि अर्थात् मुद्रास्फीति अप्रिल महिनामा उल्लेखनीय रूपमा बढेको छ। वार्षिकरूपमा हेर्दा मुद्रास्फीति दर १०.९ प्रतिशत पुगेको छ, जुन अघिल्लो महिना मार्चमा रहेको ७.३ प्रतिशतको तुलनामा धेरै उच्च हो। यसले देशमा मूल्यवृद्धि तीव्र गतिमा भइरहेको संकेत गर्दछ।

आधिकारिक तथ्यांकअनुसार मासिकरूपमा पनि मूल्यमा उल्लेखनीय वृद्धि देखिएको छ। अप्रिल महिनामामात्रै मुद्रास्फीति २.५ प्रतिशतले बढेको छ, जबकि मार्च महिनामा यो वृद्धि १.२ प्रतिशतमात्र थियो। यसले छोटो अवधिमै मूल्यवृद्धि दर तीव्र भएको देखाउँछ।

सहरी र ग्रामीण दुवै क्षेत्रमा मुद्रास्फीति बढेको छ। सहरी क्षेत्रमा वार्षिकरूपमा मुद्रास्फीति ११.१ प्रतिशत पुगेको छ, जुन मार्च महिनामा ७.४ प्रतिशत थियो। यसको अर्थ सहरमा बसोबास गर्ने मानिसहरूले दैनिक उपभोगका वस्तु र सेवाहरूमा बढी मूल्य तिर्नुपरेको छ। त्यस्तै, ग्रामीण क्षेत्रमा पनि मुद्रास्फीति १०.६ प्रतिशत पुगेको छ, जुन अघिल्लो महिनाको ७.२ प्रतिशतभन्दा उल्लेखनीयरूपमा बढी हो। यसले गाउँ क्षेत्रमा पनि जीवनयापन खर्च बढ्दै गएको देखाउँछ।

मासिक आधारमा हेर्दा सहरी क्षेत्रमा मूल्यवृद्धि २.७ प्रतिशत पुगेको छ, जुन मार्च महिनाको १.३ प्रतिशतभन्दा बढी हो। ग्रामीण क्षेत्रमा पनि मुद्रास्फीति २.१ प्रतिशत पुगेको छ, जुन अघिल्लो महिनामा एक प्रतिशतमात्र थियो। यसले दुवै क्षेत्रमा छोटो समयमै मूल्यहरू तीव्ररूपमा बढेको देखाउँछ।

चालु आर्थिक वर्षको पहिलो १० महिनाको अवधिमा औसत मुद्रास्फीति ६.१९ प्रतिशत रहेको छ। यो दर गत वर्षको सोही अवधिमा रहेको ४.७३ प्रतिशतभन्दा बढी हो, जसले समग्ररूपमा यस वर्ष मूल्यवृद्धि दर बढेको स्पष्ट देखाउँछ। यसरी, हालको तथ्यांकले पाकिस्तानमा दैनिक उपभोगका वस्तु तथा सेवाहरू महँगिँदै गएको र नागरिकहरूको जीवनयापन खर्चमा दबाब बढिरहेको संकेत गर्दछ। *रासस/सिन्ह्वा*

# डिजिटल रूपान्तरणमा चीनको बढ्दो प्रभाव

**बेइजिङ–** चीनको फुझोउ सहरमा आयोजित नवौं डिजिटल चीन शिखर सम्मेलनमा उन्नत प्रविधि र डेटा विकासका विविध प्रयोगहरू प्रस्तुत गरिएका छन्।

करिब ५६ हजार वर्ग मिटर क्षेत्रफलमा फैलिएको प्रदर्शनीमा मानवजस्तै रोबोटहरूले आगन्तुकलाई स्वागत गरेका छन्, जहाँ लेखन गर्ने, चिया बनाउने तथा खेल खेल्ने रोबोटहरूले वास्तविक जीवनमा प्रविधिको प्रयोग देखाएका छन्।

आगलागीजस्ता जोखिमपूर्ण अवस्थामा प्रयोग हुने सुरुङ निरीक्षण तथा उद्धार रोबोटदेखि स्वचालितरूपमा अवरोध छल्ने चारखुट्टे रोबोटसम्मका नवीन उपकरणहरू प्रदर्शनमा राखिएका छन्। करिब ४०० उद्यमहरूले छ हजारभन्दा बढी अत्याधुनिक प्रविधि र उत्पादन सार्वजनिक गरेका छन्, जसमा चिप, औद्योगिक मोडेल र बुद्धिमान प्रणालीहरू समावेश छन्।

यससँगै कृषि, उत्पादन, स्वास्थ्य र पर्यटन क्षेत्रमा डेटा एकीकरणका करिब १०० उदाहरण पनि प्रस्तुत गरिएका छन्। उच्च गुणस्तरको डेटा कृत्रिम बुद्धिमत्ता विकासका लागि अत्यन्त आवश्यक बन्दै गएको बताइएको छ, विशेषगरी मानवजस्तै रोबोट विकासमा डेटा अभाव चुनौतीका रूपमा देखिएको छ।

शिक्षा क्षेत्रमा कृत्रिम बुद्धिमत्ताले पाठ्यसामग्री निर्माणको समय एक हप्ताबाट एक घण्टामा झारेको छ भने स्वास्थ्य क्षेत्रमा परम्परागत चिनियाँ चिकित्सा प्रणालीलाई डिजिटल बनाउँदै सेवा गुणस्तर सुधारिएको छ। आगामी श्रमिक दिवस बिदाको अवसरमा पनि यो प्रदर्शनी सर्वसाधारणका लागि खुला रहने छ, जहाँ १०० भन्दा बढी परियोजनामार्फत प्रविधिको प्रत्यक्ष अनुभव लिन सकिने छ। *रासस/सिन्ह्वा*

# युरोपमा अमेरिकी प्रभाव घट्ने संकेत, जर्मनीबाट सैनिक फिर्ता



**वासिङ्टन–** अमेरिकी रक्षा मन्त्रालयले जर्मनीबाट करिब पाँच हजार अमेरिकी सैनिक फिर्ता गर्ने योजना बनाएको छ, जसले अमेरिका-युरोप सम्बन्धमा नयाँ तनावको संकेत गरेको छ।

शुक्रबार सार्वजनिक विवरणअनुसार, एक वरिष्ठ रक्षा अधिकारीले नाम नखुलाउने सर्तमा बताएअनुसार यो योजना हाल विचाराधीन अवस्थामा रहेको छ। जर्मनीका चान्सलर फ्रिडरिख मर्जले हालै इरानसँग सम्बन्धित अमेरिकी सैन्य गतिविधिबारे गरेको टिप्पणीलाई 'अनुचित र सहयोगी नभएको' भन्दै अमेरिकी पक्ष असन्तुष्ट देखिएको छ।

यसअघि मर्जले अमेरिकाको इरानसँगको सैन्य संलग्नतालाई 'योजनाविहीन' भन्दै आलोचना गरेका थिए। उनले अमेरिकालाई इरानी नेतृत्वबाट 'अपमानित भइरहेको' आरोपसमेत लगाएका थिए। यी टिप्पणीहरूले दुई देशबीच कूटनीतिक तनाव बढाएको देखिन्छ। यसको प्रतिक्रियास्वरूप अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जर्मन नेतृत्वमाथि कडा टिप्पणी गर्दै मर्जले 'के बोलिरहेका छन् भन्ने थाहा नभएको' बताएका थिए। साथै, उनले इरानको आणविक महत्त्वाकांक्षाप्रति जर्मनी गम्भीर नभएको आरोप पनि लगाएका थिए।

ट्रम्पले सामाजिक सञ्जालमार्फत जर्मनीमा रहेका अमेरिकी सैनिक संख्या घटाउने सम्भावना रहेको संकेत दिएका छन् र यसबारे निर्णय 'छोटो समयमै' हुने बताए। उनले स्पेन र इटालीमा पनि अमेरिकी सैनिक उपस्थिति घटाउन सकिने बताए। युरोपेली सहयोगी देशहरूले अमेरिका-इजरायल र इरानबीचको द्वन्द्वमा पर्याप्त सहयोग नगरेको भन्दै उनले ती देशहरूको आलोचना गरे। जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलले सम्भावित सैनिक कटौतीका लागि आफ्नो देश तयार रहेको बताए। उनले यसलाई परिस्थितिअनुसार सामना गरिने विषयका रूपमा लिएको संकेत दिएका छन्। *रासस/सिन्ह्वा*

# सामाजिक सञ्जालमा साइबर सुरक्षा नियम कडाइको असर

**वासिङ्टन–** अमेरिकी प्रविधि कम्पनी मेटाले न्यु मेक्सिको राज्यमा आफ्नो सामाजिक सञ्जाल सेवा (फेसबुक, इन्स्टाग्रामलगायत) बन्द गर्न सक्ने चेतावनी दिएको छ। यो विवाद बालबालिकाको मानसिक स्वास्थ्य र सुरक्षासम्बन्धी मुद्दामा भएको कानुनी लडाइँसँग सम्बन्धित छ।

न्यु मेक्सिकोका सरकारी अभियोजकहरूले मेटाका प्लेटफर्महरूलाई बालबालिकाका लागि अस्वस्थ र लत लाग्ने खालका बनाएको आरोप लगाउँदै कम्पनीको प्रणालीमा ठूला परिवर्तन गर्न अदालतमा माग गरेका छन्। ती मागहरूमा बालबालिकाको उमेर पहिचान कडाइ, गोपनीयता सुधार र सुरक्षा नियन्त्रणहरू बढाउने व्यवस्था समावेश छन्।

यो मुद्दा पहिले नै अदालतमा पुगेको छ, जहाँ जूरीले मेटाले बालबालिकाको मानसिक स्वास्थ्यमा हानि पुऱ्याएको र बाल यौन शोषणका विषयमा जानकारी लुकाएको ठहर गर्दै ३७ करोड ५० लाख डलर जरिवाना तोकेको थियो। अहिले मुद्दाको दोस्रो चरणको सुनुवाइ सुरु हुन लागेको छ। मेटाले आफूले लगातार बाल सुरक्षा सुधार गरिरहेको दाबी गर्दै आएको जनाएको छ। कम्पनीले आफूलाई हजारौं एप्समध्येमात्र विशेषरूपमा लक्षित गरिएको बताएको छ।

हालै दर्ता गरिएको कानुनी कागजातमा मेटाले यदि अदालतले १३ वर्षभन्दा कम उमेरका प्रयोगकर्ताको उमेर ९९ प्रतिशत शुद्धतासँग प्रमाणित गर्नुपर्नेजस्ता कडा सर्तहरू लागू गऱ्यो भने कम्पनीले न्यू मेक्सिकोमा सेवा बन्द गर्न बाध्य हुन सक्ने चेतावनी दिएको छ। कम्पनीका अनुसार यस्तो माग व्यावहारिकरूपमा पूरा गर्न असम्भवजस्तो देखिन्छ र त्यसले राज्यमा सम्पूर्ण सेवा बन्द गर्नुपर्ने स्थिति आउन सक्छ। यो मुद्दा बाल सुरक्षा, सामाजिक सञ्जाल नियमन र प्रविधि कम्पनीहरूको जिम्मेवारीबारे अमेरिकामा चलिरहेको ठूलो बहसको हिस्सा बनेको छ। *रासस/एपी*

# मध्यपूर्वमा अमेरिकी सैन्य साइटहरूमा इरानको व्यापक आक्रमण

**वासिङ्टन–** अमेरिका र इरानबीच सुरु भएको युद्धका क्रममा मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी सैन्य संरचनाहरूमा ठूलो क्षति पुगेको एक अनुसन्धानले देखाएको छ। फेब्रुअरी २८ देखि सुरु भएको अमेरिका-इजरायल र इरानबीचको द्वन्द्वका क्रममा इरान र उसका सहयोगीहरूले कम्तीमा आठ देशमा फैलिएका १६ अमेरिकी सैन्य स्थलहरूमा आक्रमण गरी क्षति पुऱ्याएका छन्।

समाचार प्रतिवेदनअनुसार, तीमध्ये धेरैजसो सैन्यस्थलहरू गम्भीररूपमा क्षतिग्रस्त भएका छन्, जसका कारण केही आधारहरू लगभग प्रयोग गर्न नसकिने अवस्थामा पुगेका छन्। एक संसदीय सहयोगीका अनुसार, प्रभावित संरचनाहरू मध्यपूर्वमा रहेका अधिकांश अमेरिकी सैन्य संरचनाको हिस्सा हुन्।

क्षतिको स्तर फरक-फरक रहेको बताइएको छ। केही स्थलहरू पूर्णरूपमा ध्वस्त भई बन्द गर्नुपर्ने अवस्थामा पुगेका छन् भने केहीलाई रणनीतिक महत्त्वका कारण मर्मत गरेर पुनः प्रयोग गर्न सकिने आकलन गरिएको छ।

उपग्रह तस्बिरहरूका आधारमा इरानले विशेषरूपमा अमेरिकी उन्नत रडार प्रणाली, सञ्चार प्रणाली र हवाई साधनहरूलाई निशाना बनाएको देखिएको छ। यी उपकरणहरू महँगामात्र नभई सजिलै प्रतिस्थापन गर्न नसकिने भएकाले अमेरिकी सैन्य क्षमतामा यसको प्रत्यक्ष प्रभाव पर्ने बताइएको छ।

विशेषज्ञहरूका अनुसार इरानले लागतको हिसाबले प्रभावकारी लक्ष्य चयन गरेको देखिन्छ, जसले कम स्रोत प्रयोग गरेर अमेरिकालाई ठूलो रणनीतिक क्षति पुऱ्याउन मद्दत गरेको छ।

यसबीच, अमेरिकी रक्षा निकायका एक उच्च अधिकारीका अनुसार इरानसँगको यो द्वन्द्वले अहिलेसम्म अमेरिकी करदातालाई करिब २५ अर्ब डलर खर्च गराइसकेको छ।

यस घटनाक्रमले मध्यपूर्व क्षेत्रमा अमेरिकी सैन्य उपस्थिति र रणनीतिमा गम्भीर प्रश्न उठाएको छ। साथै, यसले क्षेत्रीय सुरक्षा अवस्था थप जटिल बनाउने र आगामी दिनमा द्वन्द्व अझ चर्किन सक्ने संकेतसमेत दिएको छ। *रासस/सिन्ह्वा*

# इजरायलका लागि जासुसी गरेको आरोपमा इरानद्वारा दुई जनालाई मृत्युदण्ड

**तेहरान–** इरानले इजरायलका लागि जासुसी गरेको आरोपमा शनिबार दुई जनालाई मृत्युदण्ड दिएको इरानी अदालतले जनाएको छ। यघौब करिम्पोर र नासेर बेक्रजादेहलाई गुप्तचरलाई सहयोग गरी जासुसी गरेको अपराधमा दोषी ठहर गरी मृत्युदण्ड दिएको अदालतको वेबसाइट उल्लेख गरिएको छ। यद्यपी उनीहरूलाई कहिले पक्राउ गरिएको थियो भन्ने विषय भने स्पष्ट हुन सकेको छैन।

सन् २०२५ जुनमा इजरायलसँगको इरानको युद्धलाई उल्लेख गर्दै सुरक्षा र सैन्य स्थानहरूको फोटो खिची मोसाद अधिकारीकहाँ पठाएको अपराधमा करिम्पोरलाई दोषी ठहर गरिएको जनाइएको छ। गत फेब्रुअरी-२८ मा इजरायल र अमेरिकाले इरानमा आक्रमण गरेपछि सुरु भएको युद्धलाई अन्त्य गर्नका लागि अप्रिल-८ देखि युद्धविराम लागू भएको छ। पछिल्लो समयमा इरानले जनवरीमा सामूहिक विरोध प्रदर्शनसँग सम्बन्धित व्यक्तिहरूलाई मृत्युदण्ड दिएको जनाइएको छ जसलाई इजरायल, अमेरिका र प्रतिबन्धित पिपुल्स मुजाहिदीन संगठनसहितका विपक्षी समूहहरूले उक्साएको बताएको छ। *रासस/एएफपी*

# नोबेल पुरस्कार विजेता नर्गिस मोहम्मदी अस्पतालमा भर्ना

**पेरिस–** स्वास्थ्यमा समस्या आएपछि इरानकी नोबेल शान्ति पुरस्कार विजेता नर्गिस मोहम्मदीलाई उपचारका लागि इरानको अस्पतालमा भर्ना गरिएको उनका समर्थकहरूले बताएका छन्।

दुई दशकभन्दा बढीको अधिकार अभियानको आधारमा सन् २०२३ मा शान्ति पुरस्कार जितेकी मोहम्मदीलाई इरानका धर्मगुरु अधिकारीहरूविरुद्ध बोलेको आधारमा गत डिसेम्बरमा पूर्वी सहर मशादबाट पक्राउ गरिएको थियो।



उनका समर्थकहरूले उनको स्वास्थ्यको बारेमा महिनौंदेखि चेतावनी दिँदै आएको र मार्चको अन्त्यमा उनलाई शंकास्पद हृदयघात भएको तर आवाश्यक चिकित्सा उपचार प्राप्त भएको बताएका छन्। मोहम्मदीको फाउण्डेसनले शुक्रबार सार्वजनिक गरेको विज्ञप्तिमा गम्भीर हृदयघातको उपचारका लागि जञ्जानको अस्पतालमा भर्ना गरिएको जनाइएको छ। उनको परिवारले यस कदमलाई अन्तिम कार्यको रूपमा वर्णन गरेको जनाइएको छ।

उनका वकिल मुस्तफा निलीले सामाजिक सञ्जाल एक्समा गरेको पोस्टमा, मोहम्मदीलाई सुरुमा रक्तचापमा समस्या आएपछि बेहोस भएको तथा अस्पतालमा भर्ना गर्न चिकित्सकहरूले अस्वीकार गरेको बताएका छन्। न्युरोलोजिस्टका अनुसार उनको हृदयघातसम्बन्धी गम्भीर समस्याहरूको बाबजुद उनको अवस्थालाई सम्बोधन गर्नु हालको प्राथमिकता भएको निलीले जनाएको बताएका छन्।

एक शताब्दीको पछिल्लो समयमा ५३ वर्षीया मोहम्मदीलाई इरानले मृत्युदण्ड र महिलाहरूका लागि अनिवार्य ड्रेस कोडकोविरूद्ध अभियान चलाएको आरोपमा बारम्बार मुद्दा चलाइ जेलमा हालिएको जनाइएको छ। *रासस/एएफपी*

प्रभाव दैनिक National Daily


# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९६१०० | प्रति तोला – ० | प्रति तोला – ४९५४ |



**पर्यटकको पर्खाईमा...** | पर्यटकीय राजधानी पोखराको फेवातालमा शनिबार पर्यटकको पर्खाइमा डुंगा व्यवसायी । पछिल्लो समय शनिबार र आइतबार सार्वजनिक बिदा भएपछि आन्तरिक पर्यटकको संख्या बढ्दो क्रममा रहेको छ ।
*तस्बिरः मधु शाही/रासस*

# तनहुँ जलविद्युत् अन्तिम चरणमा

■ प्रभाव संवाददाता



**दमौली (तनहुँ)** – तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामा हालसम्म ७५ प्रतिशत प्रगति भएको छ । ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन आयोजनाको तीन वटै 'प्याकेज'मा काममा ७५ प्रतिशत प्रगति भएको आयोजनाले जनाएको छ ।

आयोजनाको प्याकेज १ अन्तर्गत बाँधलगायत संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरुङ, विद्युत्गृह तथा सम्बन्धित उपकरणहरू र प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए ।

प्याकेज १ अन्तर्गत बाँधलगायत संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५७ प्रतिशत प्रगति भएको भण्डारीले बताए । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा 'डाइभर्सन' सुरुङलगायत संरचनाको निर्माण सकिएको छ ।

मुख्य बाँध निर्माणका लागि सेती नदीलाई विसं २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो । विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सकिएको जनाइएको छ ।

उक्त कार्य सम्पन्न भएसँगै मुख्य बाँधको 'कङ्क्रिटिङ' तथा सम्बन्धित ग्राउटिङ कार्य सुरु गर्न आवश्यक पूर्वाधार तयार भएको छ । 'आयोजनाको १४० मिटर अग्लो बाँध निर्माणका लागि विसं २०८१ चैत ७ गते पहिलो कङ्क्रिट राखी कङ्क्रिटङ कार्यको सुरुआत गरिएको थियो,' उनले भने, 'मुख्य बाँधको कङ्क्रिट, कोर ड्रिलिङ, ग्राउटिङलगायत कार्य जारी छन् ।'

प्याकेज २ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचनाहरू निर्माणका लागि खन्ने कार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माण सम्पन्न भएको भण्डारीले बताए । विद्युत्गृह, केवल सुरुङ, सर्च ट्यांक, टेलरेसलगायत संरचनाहरूको मुख्य कङ्क्रिटिङ कार्य सम्पन्न भएको यस प्याकेजको प्रगति ७६ प्रतिशत रहेको भण्डारीले बताए ।

भण्डारीका अनुसार जलाशयको पानीलाई विद्युत् गृहतर्फ लैजान प्रयोग हुने मुख्य सुरुङको कङ्क्रिट लाइनिङ कार्य भइरहेको छ । कुल १४१८.७५ मिटर कङ्क्रिट लाइनिङ गर्नुपर्नेमा हालसम्म १४०७.७५ मिटर सम्पन्न भएका छ ।

प्याकेज ३ प्रसारण लाइनअन्तर्गत केइसी इन्टर नेसनल लिमिटेड भारतले दमौली भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये ७८ वटा टावरको जग हाल्ने काम सम्पन्न गरेको छ । यस प्याकेजको प्रगति ७७ प्रतिशत रहेको छ । प्रसारण लाइनको मार्गाधिकारमा पर्ने राष्ट्रिय वनका रहेका रूखबिरुवा हटाउन सम्बन्धित डिभिजन वन कार्यालयसँगको समन्वयमा छपान कार्य सुरु भएको छ ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडिबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# म्याग्दी 'कोरिडोर' विद्युत् प्रसारण लाइन निर्माण सुरु

■ प्रभाव संवाददाता

**म्याग्दी** – १३२ केभी क्षमताको म्याग्दी 'कोरिडोर' विद्युत् प्रसारण लाइन आयोजना निर्माण थालिएको छ । धवलागिरि र मालिका गाउँपालिका भएर बग्ने म्याग्दी नदीमा निर्माणाधीन तीन वटा जलविद्युत् आयोजनाले उत्पादन गर्ने विद्युत्लाई राष्ट्रिय प्रणालीमा जोड्न संयुक्त रूपमा 'डबल' र 'मल्टी' सर्किट प्रसारण लाइन बनाउन सुरु गरिएको हो ।

धवलागिरि गाउँपालिका-४ जेल्तुङदेखि वडा नं ३ र ७ हुँदै मालिका गाउँपालिका-७ मा रहेको नेपाल विद्युत् प्राधिकरणको डाँडाखेत सबस्टेसन जोड्ने १६ दशमलव ४८ किलोमिटर लामो प्रसारण लाइन निर्माण हुन लागेको हो ।

यस आयोजनाबाट तीन वटा आयोजनाबाट उत्पादन हुने १६४ दशमलव ७५ मेगावाट विद्युत् राष्ट्रिय प्रसारणमा जोडिने माथिल्लो म्याग्दी जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी हाइड्रो इम्पाएरका सञ्चालक पूर्णबहादुर पुनले बताए ।

कुल ६५ मेगावाट क्षमताको म्याग्दीखोला, ४६.२५ मेगावाट क्षमताको माथिल्लो म्याग्दी र ५३.५ मेगावाट क्षमताको अपर म्याग्दी जलविद्युत् आयोजनाले साझेदारी गरेर बनाउन लागेको आयोजनाको ५७ वटा टावर निर्माण हुनेछन् ।

कुल रु ४२ करोड ६२ लाख लागत अनुमान गरिएको आयोजना निर्माणका लागि आठ दशमलव ४० हेक्टर निजी र २१ दशमलव ९९ हेक्टर राष्ट्रिय वनको जग्गा प्रयोग हुनेछ ।

सार्वजनिक वन प्रयोग गरेबापत सरकारलाई जग्गा सट्टाभर्ना गरिने, टावर रहने निजी जग्गा खरिद तथा प्रसारण लाइनको क्षेत्राधिकारमा पर्ने जग्गाका धनीहरूलाई क्षतिपूर्ति उपलब्ध गराइने आयोजनाले जनाएको छ ।

आयोजना निर्माणका क्रममा हुन सक्ने वातावरणीय प्रभाव न्यूनीकरणका लागि रु ४१ लाख ७५ हजार र सामाजिक सहयोग कार्यक्रमका लागि रु २१ लाख ३१ हजार रकम प्रस्ताव गरिएको छ ।

प्रभावित क्षेत्रका बासिन्दाको सुझाव समेटेर वातावरणीय परीक्षण प्रतिवेदन पारित भएपछि निर्माण सुरु हुने प्रसारण लाइन आयोजना आठ महिनामा सम्पन्न गरिने म्याग्दीखोला जलविद्युत् आयोजनाका प्रमुख उत्तम पौडेलले बताए ।

विसं २०८१ असोज ६ गते सर्वेक्षण अनुमति प्राप्त भएको म्याग्दी कोरिडोर प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट २०८१ साल चैत १२ गते स्वीकृत भएको थियो ।

## मेची भन्सारद्वारा १३ अर्बभन्दा बढी राजश्व संकलन

**भद्रपुर (प्रस)**– मेची भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को चैत मसान्तसम्म रु १३ अर्ब १४ करोड ४५ लाख ८१ हजार राजश्व संकलन गरेको छ । उक्त रकम चालु आवका लागि निर्धारण गरिएको लक्ष्यको ६९ दशमलव ८३ प्रतिशत हो ।

कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार चालु आवमा रु १८ अर्ब ८७ करोड ७४ लाख ८३ हजार राजश्व संकलन गर्ने लक्ष्य राखिएको छ । चैत महिनामा मात्रै रु एक अर्ब ६० करोड ६८ लाख ४७ हजार राजश्व संकलन भएको उहाँले जानकारी दिनुभयो । उक्त संकलन चैत महिनाको लक्ष्यको ९४ दशमलव ६९ प्रतिशत हो ।

कार्यालयको तथ्यांकअनुसार चालु आवको साउन महिनामा रु एक अर्ब २६ करोड ५० लाख ७९ हजार, भदौमा रु एक अर्ब ३६ करोड ४४ लाख ३९ हजार, असोजमा रु एक अर्ब ५२ करोड २४ लाख ९१ हजार र कात्तिकमा रु एक अर्ब ३० करोड ८१ लाख ८९ हजार राजश्व संकलन भएको छ ।

त्यसैगरी मङ्सिरमा रु एक अर्ब ३६ करोड ७४ हजार, पुसमा रु एक अर्ब ५८ करोड ८९ लाख २४ हजार, माघमा रु एक अर्ब ४७ करोड ८८ लाख ५७ हजार र फागुनमा रु एक अर्ब ६५ करोड ८० लाख चार हजार राजश्व संकलन भएको कार्यालयले जनाएको छ ।

# 'बन्दीपुर गाउँ पर्यटन मार्ट २०८३' सम्पन्न

■ प्रभाव संवाददाता

**'समृद्ध गाउँ, सशक्त पर्यटन'को लक्ष्य हासिल गर्ने प्रतिबद्धतासहित १० बुँदे घोषणापत्र जारी गर्दै कार्यक्रम सम्पन्न भएको पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले जानकारी दिए ।**

**गण्डकी**– पर्यटकीय गन्तव्य तनहुँको बन्दीपुरमा सञ्चालित 'गाउँ पर्यटन मार्ट २०८३' सम्पन्न भएको छ । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको आयोजना एवम् गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशको सह-आयोजनामा शुक्रबारदेखि मार्ट सुरु भएको थियो ।

'समृद्ध गाउँ, सशक्त पर्यटन' को लक्ष्य हासिल गर्ने प्रतिबद्धतासहित १० बुँदे घोषणापत्र जारी गर्दै कार्यक्रम सम्पन्न भएको पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले जानकारी दिए । घोषणापत्रमा गाउँ पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा स्थापित गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको उनले बताए ।

आगामी वर्ष पाँचौं गाउँ पर्यटन मार्ट गोरखा नगरपालिकामा आयोजना गर्ने घोषणा गर्दै यस कार्यले ऐतिहासिक तथा सांस्कृतिक पर्यटनलाई थप उजागर गर्ने अपेक्षा गरिएको छ । मार्टले देशभर सरोकार भएकाहरूबीच सशक्त नेटवर्किङ र सहकार्यको आधार निर्माण भएको र यसले गाउँ पर्यटनको दिगो विकासमा नयाँ ऊर्जा थपेको उल्लेख गरिएको घोषणापत्रमा उल्लेख छ ।

यस्तै, मार्टमा गण्डकी प्रदेशका ३० वटा होमस्टेहरूले आफ्नो विशेषता, संस्कृति र आतिथ्य प्रदर्शन गरी स्थानीय पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको र यसबाट होमस्टेहरूको पहिचान अझ सुदृढ भएको जनाइएको छ ।

प्रत्येक होमस्टेमा स्थानीय उत्पादन, हस्तकला र परिकारहरूको प्रवर्द्धनका लागि स्थानीय तहसँग सहकार्य गरेर 'कोसेली घर' स्थापना गर्न पहल गर्ने उल्लेख छ । यसैगरी प्रत्येक वर्ष आयोजना हुने मार्टमा 'बेस्ट होमस्टे अफ द इयर' पुरस्कारको गरिने र यसबाट गुणस्तरीय सेवा र प्रतिस्पर्धात्मक विकासलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ ।

'होमस्टेहरूमा स्वच्छता, आतिथ्य र सेवा गुणस्तर सुधार गर्न आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ । स्थानीय उत्पादन, कृषि र हस्तकलालाई पर्यटनसँग जोड्दै आयआर्जनका नयाँ अवसरहरू सिर्जना गर्ने रणनीति अपनाइने छ', घोषणापत्रमा भनिएको छ ।

गाउँ पर्यटनमा युवाहरूको सहभागिता बढाउन रोजगारी तथा उद्यमशीलताका अवसरहरू सिर्जना गरिने प्रतिबद्धता व्यक्त गर्दै गाउँ पर्यटन गन्तव्यहरूबीच आन्तरिक पर्यटन प्रवर्द्धन र सहकार्य विस्तार गर्दै संयुक्त 'प्याकेज' तथा कार्यक्रमहरू विकास गरिने घोषणापत्रमा उल्लेख छ ।

# भन्सारमा कडाइ भएपछि नेपाली बजार चलायमान बन्दै

■ प्रभाव संवाददाता

**मोरङ**– भारतीय बजारबाट रु एक सयभन्दा बढी मूल्यका सामग्री खरिद गरी ल्याउँदा भन्सार महसुल लाग्ने संघीय सरकारको निर्णय कार्यान्वयनमा आएपछि विराटनगरको भारतीय सीमावर्ती क्षेत्रको जोगवनी बजार सुनसान बन्दै गएको छ भने नेपाली बजारमा उपभोक्ताको चलहपहल बढ्न थालेको छ ।

यसअघि नेपाली उपभोक्तले जोगवानी गएर दैनिक खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडालगायत सामग्री खरिद गरी ल्याउने गरेकामा सरकारको निर्णय कार्यान्वयनमा आएपछि नेपाली बजार चलायमान बन्दै गएको हो । विराटनगर महानगरपालिका-९ मा शुभम इम्पोरियम सञ्चालन गर्दै आएका अशोक साहले पछिल्लो समय पसलमा स्थानीय ग्राहकको आगमन केही मात्रामा वृद्धि भएको बताए । उनले स्थानीय व्यापारी, उद्यामी तथा स्थानीय उत्पदानको प्रवर्द्धन गर्न सरकारको यो निर्णय प्रशंसायोग्य रहेको भन्दै यसलाई निरन्तर दिनुपर्नेमा जोड दिए ।

सरकारले रु १०० को सामान ल्याउँदा भन्सार शुल्क तिनुपर्ने नियम कार्यान्वयनमा आउनु र भन्सार कार्यालयले यसलाई कडाइ गर्दा जोगवनी बजारबाट चामल, लत्ताकपडा, भाँडाकुँडालगायत सामग्री खरिद गरी ल्याउने नेपाली उपभोक्ताको सफ्यामा कमी आएको साहले बताए । उनका अनुसार उक्त निर्णय कार्यान्वयनमा आएसँगै नेपाली बजारमा चहलपहल बढ्नुका साथै आर्थिक गतिविधि चलायमान बन्दै गएको छ ।

अहिले विराटनगर बजारसहित महेन्द्र चोक, विराटनगर बसपार्क, शनि मन्दिरलगायत क्षेत्रका व्यापारिक केन्द्रमा उपभोक्ताको चलहपहल उल्लेख्य बढेको व्यवसायी साहले बताए । विगतमा साइकलमा चार-पाँच वटासम्म झोलामा खाद्यान्नसहित सामान तस्करी गर्नेहरू समेत नियन्त्रणमा आएका उनको भनाइ छ ।

भारतीय बजारबाट रु १०० भन्दा बढी मूल्यका सामग्री खरिद गरी ल्याउँदा भन्सार महसुल तिनुपर्ने संघीय सरकारको निर्णय कार्यान्वयनमा आएपछि  जोगवनीमा नेपाली उपभोक्ताको सफ्यामा कमी देखिन थालेको उनले उल्लेख गरे । 'विगतमा भारतीय बजारमा नेपाली उपभोक्ताा घुइँचो लाग्थ्यो भने नेपाली बजार सुनसान हुन्थ्ये । अहिले अवस्था परिवर्तन हुँदै गएको छ । यसले नेपाली उत्पादनले बजार पाउनुका साथै आर्थिक गतिविधि थप चलायमा बन्दै गएका छन्', उनले भने ।

जोगवनीमा खाद्यान्न, मोबाइल, इलेक्ट्रोनिक, कपडा तथा रङ पसललगायत प्रायः सबै सामग्री पाउने पसल सुनसान बन्दै गएका छन् भने सडकमा राखेर बिक्री गरिने जुत्ताचम्पल, फलफूल, जुस, केटाकेटीका कपडालगायत पसलमा नेपालीको उपस्थिति कम देखिन थालेको स्थानीय व्यापारी बताउँछन् । जोगवनीमा मोरङको पूर्वी राजमार्ग क्षेत्र, सुनसरीको उत्तरी क्षेत्र, धनकुटा, उदयपुरलगायत जिल्लाका विभिन्न स्थानका साथै काठमाडौंका उपभोक्तासमेत आउने गर्दथे ।

विराटनगर भन्सार कार्यालय यात्रु शाखाका नायब सुब्बा हरिहर काफ्लेले रु १०० का सामानमा भन्सार लाग्ने नियम कडाइका साथ लागू भएसँगै उपभोक्ता भारतीय बजारतर्फ खरिद गर्न जाने क्रम घटेको बताए । उनले पछिल्लो समय दैनिक १२ देखि १५ जनाले भन्सार महसुल बुझाउन थालेका जानकारी दिए ।


अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक



प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ